

वैदेशिक रोजगार
न्यायाधिकरणका फैसलाहरुको
विश्लेषण:



# मानव बेचबिखन तथा ओसारपसारसँग अर्न्तसम्बन्ध

USAID FROM THE AMERICAN PEOPLE
The Asia Foundation
महिला, कानून र विकास मञ्च २०५२

**DISCLAIMER:**

Forum for Women, Law and Development (FWLD) acknowledges the technical and financial support provided by the United States Agency for International Development's Combating Trafficking in Persons program, implemented by The Asia Foundation, in the publication of this document.

वैदेशिक रोजगार

न्यायाधिकरणका फैसलाहरूको विश्लेषणः

# मानव बेचबिखन तथा ओसारपसारसँग अन्तर्सम्बन्ध

२०७२

## अध्ययन समूह

- वरिष्ठ अधिवक्ता सपना प्रधान मल्ल
- अधिवक्ता सविन श्रेष्ठ
- पलिता थापा
- अधिवक्ता विमला खड्का

© FWLD

ISBN No.: 978-9937-946-845-7-1

प्रकाशन नं.: १७४

लेआउट, डिजाइन: हिमाल श्रेष्ठ

महिला, कानुन र विकास मञ्च (FWLD)
पो.ब.नं. २६५३८
७२, आदर्श मार्ग, थापाथली, काठमाडौं, नेपाल
फोन नं.: ९७७-१-४२३३५२४, ४२३३५२५
फ्याकस: ९७७-१-४२४०६२७
इमेल: fwld@fwld.wlink.com.np
वेभसाइट: www.fwld.org

# मन्तव्य

वैदेशिक रोजगारीमा हुने अपराधहरूलाई नियन्त्रण गर्न वैदेशिक रोजगार ऐन, नियमावली, २०६४ ले वैदेशिक रोजगारीअन्तर्गत हुने कानुनहरूमा न्यायको सुनिश्चितताको लागि वैदेशिक रोजगारी न्यायाधिकरणको व्यवस्था गरेको देखिन्छ । यसैगरी मानव बेचबिखन नियन्त्रण तथा संरक्षणको निमित्त मानव बेचबिखन तथा ओसारपसार ऐन, नियम र सो अन्तर्गत निश्चित न्याय प्रणालीको समेत व्यवस्था भएको छ । यी दुवै कानुन अन्तर्गत आवश्यक संस्थागत संरचना निर्माण भएता पनि वैदेशिक रोजगारी र मानव बेचबिखनबीच फरक तर कहिले अन्तर सम्बन्ध हुने र विशेष गरी दुवैमा आप्रवासन हुन सक्ने, आप्रवासनको क्रममा शोषण हुन सक्ने वा बेचबिखन हुन सक्ने संभावनाहरु रहने हुँदा कुन कानुनलाई प्रयोग गर्ने, न्यायको लागि कुन संरचनाको प्रयोग गर्ने निर्णय गर्न कठिन रहेको अवस्था छ । वैदेशिक रोजगारी अन्तर्गत कारवाही प्रक्रिया अगाडी बढाउने वा मानव बेचबिखन तथा ओसारपसार अन्तर्गत कारवाहीको प्रक्रिया अगाडि बढाउने विषयमा अवधारणागत स्पष्टता र अनुसन्धान तथा कारवाहीमा क्षमता विकासको आवश्यकता पनि देखिएको छ । कतिपय अवस्थामा फरक कानुनमा फरक फाइदाको कारणले समेत कुन कानुन प्रयोग गर्दा फाइदा हुने वा गलत कानुनको प्रयोग गर्दा अपराध स्थापित गर्न चुनौती पनि आउन सक्ने सन्दर्भमा यस अध्ययनले विशेष गरी वैदेशिक रोजगारी न्यायाधीकरणमा आएका मुद्दाहरूमा मानव बेचबिखनको प्रकृति देखिन्छ वा देखिंदैन भन्ने विषयमा अध्ययन गर्न खोजेको छ ।

अध्ययनको क्रममा वैदेशिक रोजगारीको नाममा मानव तस्करी गरिरहेको देखिएको, मानव बेचबिखनको मुद्दा पनि न्यायाधीकरणमा दर्ता गरेको, शैक्षिक परामर्शमार्फत पनि वैदेशिक रोजगारीमा पठाउने गरेको, बहुसंख्यक संस्थाले मुद्दाको दौरानमा सफाइ पाएको र व्यक्तिमात्रै सजायको दायराभित्र परेको, विना दर्ता वैदेशिक रोजगारीको व्यवसाय सञ्चालन भइरहेको, रोजगारीमा पठाउने व्यक्ति र एजेन्टहरूले नक्कली संस्था वा कागज प्रयोग गरेको तथा मानव बेचबिखन ऐन आकर्षित हुन सक्ने उजुरीहरु पनि न्यायाधीकरणमा दर्ता गरिएका जस्ता चुनौतीहरु समेत देखाएको छ ।

न्यायाधिकरणबाट निर्णय भएका मुद्दाहरूलाई विश्लेषण गर्दा स्वेच्छिक आप्रवासनमा पनि बेचबिखनका स्वरूप देखिएको र ट्रान्जिट प्वाइन्टमा पुग्दा पनि शोषणबाट पीडित भएको देखिएको अवस्थामा वैदेशिक रोजगारीमा जाने नाममा हुन सक्ने बेचबिखन तथा ओसारपसारको रोकथाम नियन्त्रण गर्न, ट्रान्जिट प्वाइन्ट र गन्तव्य (स्थलमा) हुने वा भएको शोषण नियन्त्रण गर्न र संरक्षण गर्न कानुन र संरचनाहरूमा स्पष्टता तथा कार्यान्वयनमा रहेका व्यक्तिहरूको क्षमता विकास आवश्यक रहेको देखिएको छ । यसैगरी अभिलेख प्रणालीहरूको प्रभावकारिताको समेत आवश्यकता रहेको छ । साथै यससँगै आप्रवासनमा जोखिमता सहित जाने वा गैरकानुनी रूपमा जान बाध्य पार्ने नीति नियमहरू पुनरावलोकन गर्नुपर्ने तथा महिलालाई हेर्ने दृष्टिकोण वा परिवर्तन गरी सुरक्षित आप्रवासनको लागि महिलालाई आवश्यक तालिम र सशक्तिकरण गर्न आवश्यक रहेको तथ्य समेत अध्ययनले दृष्टि देखाएको छ । यसै क्रममा महिला विरूद्ध सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धिको साधारण सिफारिस नं. २६ लाई प्रभावकारी रूपमा राज्यले कार्यान्वयन गर्ने, रणनीति बनाई आप्रवासनको शुरू विन्दु तथा गन्तव्य देशका सरकार तथा निजी क्षेत्रलाई उत्तरदायी गर्नुपर्ने आवश्यकता रहेको छ ।

अध्ययनमा संलग्न अधिवक्ता सविन श्रेष्ठ, पलिता थापा, अधिवक्ता विमला खड्का, अधिवक्ता कला त्रिताल, अधिवक्ता सन्ध्या भण्डारी तथा अधिवक्ता रीता निरौलालाई न्यायाधीकरणबाट भएका मुद्दाहरू उपलब्ध गराई सहयोग गर्नुहुने वैदेशिक न्यायाधिकरण, अन्तर्वार्ता दिनुहुने सम्पूर्ण महानुभावहरू तथा अध्ययनको लागि सहयोग गर्ने यूएसएड/नेपाल र द एसिया फाउण्डेसनलाई पनि धन्यवाद दिन चाहन्छु ।

सपना प्रधान मल्ल
वरिष्ठ अधिवक्ता

# कार्यकारी सारांश

मानव बेचबिखन एक अत्यन्तै गम्भीर अपराध हो भने वैदेशिक रोजगार व्यक्तिको अधिकार । यी दुवै बीच गहिरो अर्न्तसम्बन्ध रहेको छ । कतिपय अवस्थामा यो कार्य वैदेशिक रोजगारबाट शुरू भई मानव बेचबिखनमा टुगिंने गरेको छ भने वैदेशिक रोजगार सम्बन्धि पूर्ण जानकारी विना जानाले कामदारहरु श्रम लगायत अन्य शोषणको शिकार हुने गरेका छन् । वैदेशिक रोजगार न्यायधिकरण विशुद्ध रूपमा वैदेशिक रोजगारीका मुद्दाहरु हेर्नका लागि स्थापना भए तापनि यस अध्ययनले मानव बेचबिखन तथा ओसार पसार अन्तर्गतका कानुनहरु आकर्षीत हुने मुद्दाहरु पनि वैदेशिक रोजगार सम्बन्धी कानुन अन्तर्गत मात्र कार्वाही भएको देखिन्छ । तर, न्याय सम्पादनमा मानव बेचबिखनका प्रश्नहरुलाई नजरअन्दाज गरिएको छ ।

वैदेशिक रोजगारीको माध्यमबाट हुने मानव बेचबिखनको समस्याहरुलाई केवल बैदेशिक रोजगारीको रूपमा मात्र हेरिदिदँा यो समस्या नयाँ स्वरूप र ढंगबाट अझ विकराल बन्दै गएको छ । यस्ता समस्यालाई बैदेशिक रोजगारको सम्बन्धमा दर्ता भएका मुद्दाहरुभित्र मानव बेचबिखनको स्थीति, सम्भावना र अवस्थालाई समेत जोडेर हेर्नुपर्ने भएता पनि यस्ता प्रयासहरु कमै भएका देखिन्छन् ।

प्रस्तुत अध्ययनले वैदेशिक रोजगार न्यायाधिकरणबाट भएका फैसलाहरुको अध्ययन गरेर न्यायाधिकरणमा दर्ता हुने मुद्दाहरुका प्रकृति र प्रवृतिको पहिचान गर्ने, मानव बेचबिखन तथा ओसार पसार र वैदेशिक रोजगारबीचको अर्न्तरसम्बन्धको पहिचान गरि मानव बेचबिखनको नयाँ स्वरूपलाई खोतल्ने प्रयास गरेको छ । सरल प्रक्रिया, क्षतिपूर्तिसम्बन्धि व्यवस्था र छोटो समयमा नै फैसला हुने कारणले धेरै मुद्दाहरु वैदेशिक रोजगार विभागमा दर्ता हुने गरेका छन् जस अन्तर्गत मानव बेचबिखनका मुद्दाहरु पनि रहेका छन् । कानुनी ज्ञानको अभाव तथा बेचिएको वा यौन शोषणमा संलग्न रहेको अवस्थालाई मात्रै बेचबिखन मान्ने परम्परागत सोचले गर्दा पनि धेरै मुद्दाहरु वैदेशिक रोजगार अन्तर्गत दर्ता गर्ने गरेको पाइन्छ ।

अध्ययनमा संलग्न ११९ मध्ये १०३ वटा मुद्दाहरुमा पुरूष, १३ वटा मुद्दाहरुमा महिला र ३ वटा मुद्दाहरुमा महिला र पुरूष दवै पीडितका रूपमा रहेका छन् । अध्ययनको क्रममा वैदेशिक रोजगारीमा औपचारिक तवरबाट जाने महिलाको संख्या ६% रहेता पनि १९% महिलाले वैदेशिक रोजगारी न्यायाधीकरणमा मुद्दा हालेको देखिन्छ । जसले गर्दा पीडितको संख्यामा बढी महिलाको रहेको देखिन्छ । यसमध्ये पनि ७१% काठमाडौं बाहिरका व्यक्तिहरु पीडित देखिन्छन् । पीडितहरुमध्ये ८४% विदेश गइ

नसकेको तर जाने प्रक्रियामा रहेको र १८% विदेशबाट फर्किएको देखिन्छ । तर यी पीडितहरूमध्ये ९७% वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई काम थाहा नभएको र ९२% लाई तलब थाहा नभएको उजुरीमा उल्लेख देखिंदा त्यहाँ मानव बेचबिखनको कसूरहरु रहेको देखिन्छ । केन्द्रिकृत वैदेशिक रोजगारी न्यायाधीकरण आफैंमा एउटा चुनौतीको रूपमा रहेको छ । प्रतिवादीहरूमध्ये महिलाहरूको संख्या १९ रहेको छ र उनिहरु परोक्ष रूपमा मात्रै वैदेशिक रोजगारीको लागि मानिस विदेश पठाउने कार्यमा सहयोगीको रूपमा मात्र संलग्न रहेका छन् । वैदेशिक रोजगारमा जानका लागि संस्था भन्दा पनि दलालहरूको प्रयोग बढि हुने गरेको छ । पीडितहरु ९९% इजाजत पत्र नलिएको देखिन्छ । हुन त यसले अर्को प्रश्न पनि जन्माएको छ, त्यो हो जहाँ इजाजत पत्रवालाले कुनै किसिमको कानुन विपरितको काम गर्दा अनौपचारिक ढंगबाट मिलाउने गरेको भन्ने तथ्य पनि अध्ययनको क्रममा आएको देखिन्छ । यस्तै ६३% पीडकहरु धरौटीमा छुटेका, १८% थुनामा गएको देखिन्छ र ८०% मुद्दामा अपराध ठहर भएको तथ्यांकहरु मुद्दा अध्ययन विश्लेषणले देखाएकोले न्यायाधीकरणको कामकारवाहीको प्रभावकारिता रहेको देखिन्छ । अध्ययनले बैदेशिक रोजगार विभागमा कसुर स्वीकार गरेका अभियुक्तहरूले समेत न्यायधिकरणमा इन्कारी गर्ने गरेको, ६३% अभियुक्तहरु धरौटीमा छुट्ने गरेको, ८०% मुद्दाहरूमा ठहर भएको, ९१% मुद्दामा अभियुक्तलाई कैद सजाय भएको, न्यूनतम जरिवाना डेढ लाख रूपैयाँदेखि अधिकतम चार लाख रूपैयाँसम्म रहेको छ भने अधिकांश मुद्दाहरूमा डेढ वर्ष कैद भएको देखाँउछ । मानव बेचबिखनको मुद्दा समेत न्यायाधिकरणबाट मात्र फैसला भएको पाइन्छ । अधिकांश मुद्दाहरूमा व्यक्तिलाई सजाय र संस्थालाई सफाइ दिएको देखिन्छ ।

यस अध्ययनले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को परिभाषालाई अन्तराष्ट्रिय मापदण्ड अनुसार बनाउनु पर्ने,  कानुन कार्यान्वयन निकायका पदाधिकारीहरूलाई मानव बेचबिखन र वैदेशिक रोजगारबीचको अर्न्तसम्बन्धका बारेमा स्पष्ट पार्ने खालका तालिम आयोजना गर्नु पर्ने, सुरक्षित आप्रवासनको निमित निर्देशिका तथा शसक्तिकरण कार्यक्रमको आयोजना गर्नु पर्ने, महिलाहरूलाई आवश्यक तालिमका साथ साथै अन्य सहयोग प्रणालीहरूको पनि विकास गर्नु पर्ने, वैदेशिक रोजगार विभाग र न्यायधिकरणका कार्यालयहरूलाई कम्तिमा पनि क्षेत्रीय स्तरमा स्थापना गर्नु पर्ने, उजुर गरिएका मुद्दाहरु हेर्ने क्षेत्राधिकार छुट्याउने मापदण्डहरु तयार गर्नु पर्ने, वैदेशिक रोजगार विभागमा भएका जनशक्तिलाई तालिम दिई मानव बेचबिखनका मुद्दाहरु पर्न आएको अवस्थामा सरकारी वकिलसंग समन्वय गरि प्रहरीमा सिफारिश गरेको खण्डमा त्यसको अभिलेख समेत राख्ने व्यवस्था गर्नु पर्ने, नीजि कम्पनी र एजेण्टहरूलाई उनिहरूका कामप्रति जवाफदेहि बनाउन कानुनि व्यवस्था गर्नु पर्ने, वैदेशिक रोजगारमा जानु अगावै उनिहरूलाई परामर्श दिनको लागि भरपर्दो परामर्श केन्द्रहरूको स्थापना गर्नु पर्ने, वैदेशिक रोजगारलाई नियमन गर्ने, पीडितलाई कसरी क्षतिपूर्ति दिलाउने भन्ने सम्बन्धमा न्यायधिकरणको ध्यान जानु पर्ने, विगो र हर्जाना भराँउदा प्रतिवादीको सम्पतिबाट नै भराउनु पर्ने जस्ता सुझावहरु दिएको छ ।

# विषय-सूचि


## परिच्छेद १

१.१ पृष्ठभुमि ........ १

१.२ अध्ययनको उद्देश्य ........ ३

१.३ अध्ययन विधि ........ ३

क) फैसलाहरूको अध्ययन ........ ४

ख) सरोकारवाला व्यक्ति तथा निकायहरूसँगको अन्तवार्ता ........ ४

ग) उपलब्ध सामग्रीहरूको पुनरावलोकन ........ ५

१.४ अध्ययनको सीमा ........ ५

## परिच्छेद २ : मानव बेचबिखन र ओसार पसार, आप्रवासन र मानव तस्करी बीचको अन्तर्सम्बन्ध

२.१ मानव बेचबिखन तथा ओसारपसार ........ ९

२.२ आप्रवासन ........ ११

२.३ मानव बेचबिखन तथा आप्रवासन बिचको भिन्नता र सम्बन्ध ........ ११

२.४ मानव तस्करी ........ १२

## परिच्छेद ३: सम्बन्धित कानुनी व्यवस्थाहरु

३.१ वैदेशिक रोजगार ऐन, २०६४ र यसका व्यवस्थाहरु ........ १५

३.२ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ........ २४

परिच्छेद ४ : वैदेशिक रोजगारसम्बन्धी केही तथ्यांकहरु र यसका प्रकृति ........ २९

परिच्छेद ५: बैदेशिक रोजगगार न्यायाधिकरणका निर्णयहरु र मानव बेचबिखनको प्रश्न

५.१ फैसला विश्लेषण ........ ३७

५.२ वैदेशिक रोजगारसम्बन्धी फैसलाले देखाएका चुनौतीहरू ........ ५०

परिच्छेद ६: निष्कर्ष तथा सुझावहरु ........ ५७

अनुसूचि १: अध्ययनमा संलग्न मुद्दाहरुको सूचि ........ ६४

सन्दर्भ सामग्री ........ ७२

# तालिका सूची


१. आप्रवासन, बेचबिखन र मानव तस्करीबिचको भिन्नता ........ १०

२. वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार न्यायधिकरणमा मुद्दा चल्ने प्रक्रिया ........ १९

३. वैदेशिक रोजगार ऐन २०६४, अन्तर्गतका कसुर, दण्ड सजाय, हर्जाना/क्षतिपूर्ति र हदम्यादसम्बन्धी व्यवस्था ........ २०

४. वैदेशिक रोजगार विभाग र न्यायधिकरणमा दर्ता गरिएका उजुरीहरु ........ ३१

५. परिवारमा अनुपस्थित जनसंख्या, २०६८ ........ ३३

६. श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गएका कामदारको संख्यात्मक विवरण ........ ३३

७. वैदेशिक रोजगारमा जानेहरूको लैङ्गिक तथ्यांक ........ ३९

८. पीडितहरूको लैङ्गिक तथ्यांक ........ ४०

९. काठमाडौं भित्र र बाहिरका पीडितहरूको तथ्यांक ........ ४१

१०. पीडकहरूको लैङ्गिक तथ्यांक ........ ४१

११. जाहेरी दर्ता ........ ४२

१२. वैदेशिक रोजगारका लागि इजाजत लिएको/नलिएको ........ ४३

१३. विदेश जाने क्रममा रहेका/विदेश गएर फर्किएका पीडितहरूको संख्या ........ ४४

१४. कामको प्रकृति र पारिश्रमिकबारे अधिकांश कामदार अनभिज्ञ ........ ४५

१५. आशिंक स्वीकारोक्ति/साविति/इन्कारी ........ ४६

१६. थुनछेक ........ ४७

१७. सरकारी वकिलको उपस्थिति ........ ४७

१८. निर्णय ........ ४८

१९. ठहर भएको मुद्दामा कैद ........ ४८

२०. वैदेशिक रोजगारका लागि जान चाहेका/गएका देशहरु ........ ४९

# परिच्छेद १

## १.१ पृष्ठभुमि

परम्परागत रूपमा मानव बेचबिखनलाई महिला वा बालिकालाई वेश्यावृत्तिमा लगाउने कार्यको रूपमा बुझ्ने गरिन्थ्यो । यौन दासी वा मनोरञ्जनको साधनको रूपमा उनिहरूलाई एक ठाउँबाट अर्को ठाउँसम्म पुऱ्याउने गरिन्थ्यो तर समयको परिवर्तनसँगै मानव बेचबिखनको स्वरूपमा व्यापक परिवर्तन आएको छ । हाल मानव बेचबिखन यौन शोषण वा वेश्यावृत्तिको लागि मात्र नभई शरीरका महत्वपूर्ण अंग झिक्ने, घरेलु काममा लगाउने, धार्मिक वा साँस्कृतिक प्रयोजनका काममा लगाउने, माग्ने बनाउने, बधुँवा मजदुर बनाउने जस्ता कार्यका लागि समेत हुने गरेको छ । यिनै कामहरूका लागि विश्वमा महिला र बालिकाहरूको मागमा आएको वृद्धिसँगै हाल वैदेशिक रोजगारको माध्यमबाट कानुनी वा गैर कानुनी रूपमा समेत मानव बेचबिखन भइरहेको छ । मानव बेचबिखन तथा ओसार पसार र वैदेशिक रोजगारबीच अन्तर रहेता पनि यी दुईबीच गहिरो अर्न्तसम्बन्ध रहेको छ । कहिले वैदेशिक रोजगारमा जाने क्रममा मानव बेचबिखन हुने गरेको छ भने कहिले गन्तव्य मुलुकमा पुगिसकेपछि पनि बेचबिखन भइराखेको छ । नेपालको सन्दर्भमा वैदेशिक रोजगारको अवसरसँगै वृद्धि भएको मानव बेचबिखन, एच.आइ.भी. संक्रमण, महिला तथा बालिकामाथि हुने गरेको श्रम तथा यौनशोषणका समस्याहरूलाई एकिकृत रुपमा समाधान गर्न सकिएको देखिदैन । अहिले मानव बेचबिखनको समस्या नयाँ–नयाँ स्वरूपहरूमा अझ विस्तारित हुँदै गएको छ ।

नेपालमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण र पीडितहरूको संरक्षणका लागि मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र नियमावली २०६५, मानव बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्य योजना,

२०६८, मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६८ तथा पुनःर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८ जारी भएका छन् । यसको साथै मानव बेचबिखनमा परेका बालबालिका, किशोर-किशोरी, महिलाको उद्धार, पुनर्स्थापना र पुर्नएकीकरणका प्रयासहरु गरिएका छन् । त्यस्तै बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका तथा जोखिमउन्मुख समूह/समुदायको पहिचान गरी सामाजिक सुरक्षा तथा आर्थिक सशक्तीकरण गर्ने तर्फ सम्बन्धित कार्यक्रमहरु केन्द्रित रहेका छन् । त्यसैगरी बढ्दो आप्रवासनलाई सम्बोधन गर्न र यसलाई महिला र मानव अधिकारको दृष्टिकोणबाट हेर्नका लागि वैदेशिक रोजगार ऐनमा पनि समयानुकुल परिमार्जन गरिएको भए तापनि आप्रवासन र मानव बेचविखनबिचको अर्न्तसम्बन्धलाई केलाएर हेर्ने प्रयास भने कमै भएको पाईन्छ । वैदेशिक रोजगारीको माध्यमबाट हुने मानव बेचबिखनको समस्याहरूलाई मानव बेचविखनको स्वरूपमा नहेरी केवल वैदेशिक रोजगारीसम्बन्धी समस्याको रूपमा मात्र हेरिदिंदा यो समस्या नयाँ स्वरूप र ढंगबाट अझ विकराल बन्दै गएको छ । तसर्थ यी दुवै समस्याहरूलाई अर्न्तसम्बन्धित गरेर हेर्न सकिएको अवस्थामा मात्र मानव बेचविखनमा देखिएको नयाँ स्वरूप, माग र समस्याहरूलाई पहिचान र सम्बोधन गर्न सकिन्छ ।

नेपालमा मानव बेचबिखन र वैदेशिक रोजगारसम्बन्धी नयाँ कानुनहरु बनेको परिप्रेक्षमा मानव बेचबिखन र वैदेशिक रोजगारसँग अर्न्तसम्बन्धित भएर के कस्ता मुद्दाहरु आएका छन् तथा तिनका प्रकृति र प्रवृत्तिहरु कस्ता छन् भन्ने मुख्य उद्देश्यले वैदेशिक रोजगार न्यायाधिकरण अर्न्तगत परेका केही मुद्दाहरूमा भएका फैसलाहरूलाई यस अध्ययनबाट केलाउने प्रयास गरिएको छ । यसको साथै सम्बन्धित निकायहरूबाट ति मुद्दाहरूलाई कसरी हेरिएको छ र यसमा कार्वाहीका प्रकियालाई अगाडि बढाउँदा मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित पक्षहरूको समेत सम्बोधन गरिएको छ वा छैन तथा मानव बेचबिखनको समस्यालाई नियन्त्रण गर्न वैदेशिक रोजगार ऐनका व्यवस्थाहरूलाई नै प्रयोग गरेर हेर्न सकिन्छ वा सकिंदैन भन्ने कार्यका लागि समेत यो अध्ययन केन्द्रित रहेको छ । यसको सँगसँगै वैदेशिक रोजगारमा दर्ता भएका मुद्दाहरूमा मानव बेचबिखनको स्थिति, सम्भावना र अवस्थाबाट मानव बेचबिखनको नयाँ स्वरूप तथा सम्बोधन प्रक्रियालाई उजागर गर्ने प्रयास गरिएको छ ।

## १.२ अध्ययनको उद्देश्य

- वैदेशिक रोजगार न्यायाधिकरणबाट विगत ४ वर्ष (२०६६ सालदेखि २०६९) भित्र दर्ता भएका मुद्दाका फैसलाहरूको अध्ययन गरेर यस न्यायाधिकरणमा दर्ता हुने मुद्दाहरूका प्रकृति पहिचान गर्नु ।
- वैदेशिक रोजगार न्यायाधिकरणमा दर्ता हुने मुद्दाका प्रवृतिको पहिचान गर्नु ।
- मानव बेचबिखन तथा ओसार पसार र वैदेशिक रोजगारबीचको अन्तरसम्बन्ध पहिचान गर्नु ।
- मानव बेचबिखनको नयाँ स्वरूपहरु तथा सम्बोधन प्रक्रियाको पहिचान गर्नु ।
- न्यायको पहुँचमा रहेका चुनौतीहरूको पहिचान गर्नु ।

## १.३ अध्ययन विधि

यो अध्ययन गुणात्मक तथा परिमाणात्मक तथ्यांकसहित वैदेशिक रोजगार न्यायधिकरण अर्न्तगत दर्ता भएका मुद्दाहरूमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) सम्बन्धी कानुनहरूलाई आकर्षित गर्ने दृष्टिकोणसहितको विश्लेषणमा आधारित छ । यस अध्ययनका लागि विभिन्न स्रोतहरूबाट तथ्यांकहरु संकलन गरिनुका साथै सूचना र तथ्यांक संकलन गर्न तथा मुद्दाको प्रवृति र प्रकृतिको पहिचान गर्न सम्बन्धित सरोकारवाला निकाय र व्यक्तिहरूसँग अन्तवार्ता गरिएको छ । यसको साथै यससम्बन्धमा उपलब्ध सामग्रीहरूको पनि पुनरावलोकन गरिएको छ ।

नेपालमा वैदेशिक रोजगारमा जाने महिलाहरूको समस्याहरूलाई नियन्त्रण गर्ने सन्दर्भमा कहिले केही निश्चित प्रकृतिका काममा जान रोक लगाइको पाइन्छ भने कहिले केही निश्चित देशहरूमा नै जान रोक लगाइएको देखिन्छ । उमेरअनुसार समेत प्रतिबन्धहरु लगाइएको छ जसले गर्दा महिलाहरु वैदेशिक रोजगार विभागबाट अनुमति नलिई गैरकानुनी नाकाहरूको प्रयोग गरेर तथा उमेर, गर्नुपर्ने कामको प्रकृति ढाँटेर, विवाह गरेर विदेशी भूमिमा पुऱ्याइने गरेको

पाइन्छ । यसरी विदेशिने क्रममा उनिहरु मानव बेचबिखन तथा ओसारपसार र अन्य किसिमका शोषणहरूको सिकार हुने प्रवल सम्भावना रहन्छ । यसतर्फ सम्बन्धित निकायको पर्याप्त ध्यान पुग्न सकेको देखिदैन, जसले वैदेशिक रोजगार न्यायाधिकरणबाट भएका मुद्दाको फैसलाहरूको अध्ययन गरेर मानव बेचबिखन अन्तर्गत कारवाही हुनु पर्ने मुद्दाहरूसमेत वैदेशिक रोजगार न्यायाधिकरणबाट कारवाही भइरहेको छ वा छैन भनि हेर्ने प्रयासका सम्बन्धमा गरिएको यो अध्ययनलाई नेपालमा यस सम्बन्धमा गरिएको पहिलो अध्ययनको रूपमा लिन सकिन्छ । यसमा सम्बन्धित सरोकारवाला निकायसँगको अन्तरवार्ताबाट वैदेशिक रोजगार विभागमा दर्ता हुने मुद्दामा मानव बेचबिखन तथा ओसारपसारका तत्वहरु देखिएमा सो मुद्दा वा उजुरीलाई प्रहरीमा सिफारिस गर्ने प्रणाली कस्तो रहेको छ भनेर हेर्ने प्रयास पनि गरिएको छ ।

## क) फैसलाहरूको अध्ययन

अध्ययनको सिलसिलामा वैदेशिक रोजगार न्याायधिकरणबाट वि.सं. २०६६ सालदेखि २०६९ सालसम्म दर्ता भएका जम्मा ११९ वटा मुद्दाका फैसलाहरूको संकलन र अध्ययन गरिएको छ जसमध्ये वि.स. २०६६ मा फैसला भएका ८ फैसलाहरु, वि.स. २०६७ मा भएका ३४ फैसलाहरु र वि.स. २०६८ मा भएका ५७ फैसलाहरु तथा वि.स. २०६९ मा भएका २० फैसलाहरु रहेका छन् । पछिल्लो समयमा विशेषगरी वैदेशिक रोजगार ऐन, २०६४ तथा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ जारी भए पश्चात् वैदेशिक न्यायाधिकरणमा चलेका मुद्दाहरूमा गरिएका फैसलाहरूमा मानव बेचबिखन वा ओसारपसार (नियन्त्रण) ऐन आकर्षित हुन सक्ने अवस्था छ वा छैन भनी हेर्ने तथा यी दुवै कसुरहरूको बीचको अन्तरसम्बन्ध केलाउने उद्देश्य अध्ययनमा लिइएको छ । (मुद्दाहरूको विस्तृत सूचिका लागि अनुसूचि १ हेर्नुहोला)

## ख) सरोकारवाला व्यक्ति तथा निकायहरूसँगको अर्न्तवार्ता

अध्ययनलाई प्रभावकारी बनाउन यस क्षेत्रसँग सम्बन्धित विभिन्न सरोकारवाला निकाय र व्यक्तिहरूसँग अर्न्तवार्ता गरिएको छ जसमध्ये वैदेशिक रोजगार विभागका अनुसन्धानकर्ता, अन्य कर्मचारी, वैदेशिक रोजगारका क्षेत्रमा कार्यरत सरोकारवाला तथा कानुन व्यवसायी रहेका छन् ।

### ग) उपलब्ध सामग्रीहरूको पुनरावलोकन

अध्ययनको प्रभावकारिताको लागि वैदेशिक रोजगार र मानव बेचबिखनका सम्बन्धमा प्रकाशित विभिन्न प्रतिवेदनहरु, अध्ययनहरु र सम्बन्धित कानुनहरूको पनि पुनरावलोकन गरिएको छ ।

## १.४ अध्ययनको सीमा

यो अध्ययन वैदेशिक रोजगारबाट संकलन गरिएका चार वर्ष (बि.स. २०६६, २०६७, २०६८, २०६९ साल) को जम्मा ११९ वटा मुद्दाका फैसलाहरु र सरोकारवालासँगको अर्न्तवार्ता तथा यसै विषयमा गरिएका पूर्ववर्ती अध्ययनसम्ममा मात्र सिमित रहेको छ । वैदेशिक रोजगार न्यायाधिकरणवाट फैसला भएका मुद्दाका पीडित पक्षहरूको पूर्ण ठेगाना र सम्पर्क नम्बरको अभावमा निजहरूसँग प्रत्यक्ष अर्न्तवार्ता गर्न सम्भव भएको छैन । न्यायाधिकरणबाट भएका फैसलाहरु प्रकाशित नहुने हुँदा मुद्दाको प्रकृति हेरेर यी मुद्दाहरु छानिएका नभई वि.स. २०६६ देखि न्यायधिकरणबाट भएको संकलित मुद्दाहरूको फैसलाहरूमा आधारित छ ।

परिच्छेद २

# मानव बेचबिखन, ओसार पसार, आप्रवासन र मानव तस्करीबिचको अन्तर्सम्बन्ध

आप्रवासन, मानव बेचबिखन, ओसारपसार तथा मानव तस्करीका विषयहरू व्यक्तिको गतिशिलता/आवत जावतसँग सम्बन्धित भएको हुनाले कतिपय अवस्थामा यी तीन विषयहरूलाई हेर्ने सम्बन्धमा अवधारणागत अस्पष्टता रहेको छ । कतिपय अवस्थामा आप्रवासनको कारण मानव बेचबिखन हुने वा आप्रवासन, वैदेशिक रोजगारीका क्रममा समेत बेचबिखनमा पर्न सक्ने वा मानव तस्करीको सिकार हुने हुँदा यसमा अन्यौलता देखिएको पाइन्छ । तर यी तिनै विषयहरू प्रकृति र प्रवृतिका आधारमा एक अर्कासँग अन्तरसम्बन्धित देखिएता पनि यी दुई फरक विषयहरु हुन् । आप्रवासन र रोजगारी व्यक्तिको अधिकारको कुरा हो भने बेचबिखन हिंसा/शोषण तथा राज्य विरूद्धको अपराध र मानव तस्करी गैरकानुनी कार्य हो ।[१]

## २.१ मानव बेचबिखन तथा ओसारपसार

मानव बेचबिखन तथा ओसारपसार व्यक्तिको इच्छा वेगर, शोषणजन्य कार्य गर्ने उद्देश्यबाट भएको हुन्छ । मानव बेचबिखन तथा ओसारपसार गर्ने कार्यमा संलग्न व्यक्तिहरूलाई यो आपराधिक कार्य हो भन्ने पूर्ण ज्ञान हुन्छ । यसले बेचबिखनमा पर्ने व्यक्तिको स्वतन्त्रताको हनन गर्दछ । उनीहरु आफूले भोग्नु पर्ने जीवन र जोखिमप्रति अनभिज्ञ हुन्छन् । बेचबिखन तथा ओसारपसारमा परेकाहरूलाई बल प्रयोग गरी वा त्रासमा पारी मानव बेचबिखन तथा ओसारपसारमा संलग्नहरूको

---

१. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी संयन्त्र तथा यसको प्रभावकारी कार्यान्वयन, यूएनडिपि/रिच, महिला, कानुन र विकास मञ्च (FWLD)

**तालिका १: आप्रवासन, बेचबिखन र मानव तस्करीबीचको भिन्नता**

|  |  |  |
|---|---|---|
| **आप्रवासन** | **बेचबिखन** | **मानव तस्करी** |
| सहमतिको आवत जावत<br>↓<br>व्यक्तिको अधिकार | ○ हिंसा वा बलको प्रयोग/शोषणको स्वरूप<br>○ सहमती विनाको आवत जावत<br>○ आर्थिक प्रलोभनमा लिइने स्वीकृति<br>○ एउटा काममा भनेर अर्को काममा लगाउने<br>○ अंग झिक्ने कार्य<br>↓<br>राज्यविरूद्धको अपराध | स्वेच्छाले गैरकानुनी रूपमा आवत जावत<br>↓<br>गैरकानुनी कार्य |

माग पूरा गर्न बाध्य पारिन्छ । पीडितलाई सांस्कृतिक, सामाजिक, भाषिक रूपमा एक्ल्याई शारीरिक चुनौतिपूर्ण वातावरणमा राखिन्छ र कानुनी पहिचान र न्याय माथिको पहुँचबाट टाढा पुऱ्याइन्छ । पैसा वा अन्य फाईदा लिने उद्देश्यले गरिएको मानवको गैरकानूनी ओसारपसार तथा बेचबिखन व्यक्तिको इच्छा, चाहना विरूद्ध शोषण गर्ने उद्देश्यका साथ गरिएको स्थानागमन, गतिशिलता मानव बेचबिखन अन्तर्गत पर्दछ । व्यक्तिको मानव अधिकार विशेष गरी प्रतिष्ठापूर्वक बाँच्न पाउने, स्वतन्त्रतापूर्वक हिँडडुल गर्न पाउने, आत्मनिर्णयको अधिकार तथा न्याय प्राप्तिको अधिकारहरूको पूर्णतया उल्लंघन भएको हुन्छ ।

केही वर्ष अधिसम्म महिला र बालबालिकालाई यौन शोषणको उद्देश्यका लागि बेचबिखन र ओसारपसार गर्ने गरिए तापनि हाल आएर पुरूषहरु पनि बेचबिखनमा पर्ने गरेको पाइन्छ । बेचबिखन यौनकार्यको लागि मात्र नभएर जर्वजस्ती श्रम शोषण, मानव अंगहरु झिक्ने वा बेच्ने, सर्कस जस्ता निर्किष्ट कार्यहरूमा लगाउने र जर्वजस्ती विवाह गर्ने जस्ता शोषणजन्य कार्यहरूका लागि

हुने गरेको पाइन्छ । विगतमा नेपालबाट हुने मानव बेचबिखनको गन्तव्य राष्ट्र भारत हुने गरेको भए तापनि हाल आएर विशेषगरि खाडी देशहरु, चीन र विश्वका अन्य देशहरुमा पनि नेपालीहरुलाई बेच्ने गरेको पाइन्छ । नेपाल मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले मूलतः श्रोत मुलुकका रुपमा चिनिए तापनि काठमाण्डौं उपत्यका लगायत अन्य सीमावर्ती एवं ठूला शहरहरु समेत पारवहन तथा मार्गस्थल र आन्तरिक बेचबिखनका लागि गन्तव्य स्थानका रुपमा पनि देखिन थालेको छ ।

## २.२ आप्रवासन

सामान्य अर्थमा आप्रवासनले एक ठाउँबाट अर्को ठाउँमा जाने कार्यलाई बुझाउँछ । जुन कानूनी वा गैह्रकानूनी दुवै हुन सक्दछ । यसभित्र विभिन्न प्रकारका गतिशीलता (Movement) तथा विभिन्न कारणका लागि हुने गतिशीलताहरु पर्दछन् । आप्रवासन स्वेच्छिक वा जर्बजस्ती पनि हुन सक्दछ । साधारणतया आप्रवासन स्वेच्छाले हुन्छ । विस्थापन र जर्बजस्ती काममा लगाउनु जर्बजस्ती आप्रवासन हो । श्रमका लागि आप्रवासनमा जाँदा पनि सस्तो काम, शोषणयुक्त काम, तोकिएको भन्दा फरक काम, दासत्व व्यवहार वा अमानवीय व्यवहारमा बेचबिखनमा पर्न सक्ने अवस्थाहरु रहन्छन् । आप्रवासन भन्नाले कुनै व्यक्तिको एक ठाउँबाट अर्को ठाउँमा (अन्तर्राष्ट्रिय आप्रवाशनको हकमा भने एउटा देशबाट अर्को देशमा) कामका लागि, पढ्नका लागि, बस्नका लागि जाने प्रक्रिया हो ।

## २.३ मानव बेचबिखन तथा आप्रवासन बिचको भिन्नता र सम्बन्ध

बेचबिखन, ओसारपसार र आप्रवासनलाई छुट्याउने बुँदा साह्रै झिनो एवम् मसिनो छ । यी दुई भिन्ना-भिन्नै तथा अन्तरसम्बन्धित मुद्दाहरु हुन् । आप्रवासन भनेको फराकिलो प्रक्रिया हो भने बेचबिखन भनेको ओसारपसारको फराकिलो प्रक्रियाभित्र हुने अपराध हो ।

बेचबिखन, ओसारपसार तथा आप्रवासन (खासगरी गैरकानुनी आप्रवासन) अनियमित रूपले सिमाना पार वा राज्यभित्र गर्ने मानव तस्करी तथा

मानिसहरूको अवैध व्यापारसँग गाँसिएर आउँछ । यसका साथै बेचबिखन ओसारपसारको प्रश्नमा गैरकानुनी आप्रवासनले पनि स्थान ओगटेको हुन्छ । बेचबिखन ओसारपसार भनेको मानव अधिकारको निकृष्ट हनन हो जसमा डर, धाक, धम्की, हिंसा, शोषण, ओहदाको दुरूपयोग जस्ता तत्वहरूका साथ बलपूर्वक श्रम शोषण वा दासतापूर्ण व्यवहारहरु समावेश भएका हुन्छन् । जबकि आप्रवासन भनेको मानिसले आफ्नो इच्छाले वा पूर्ण रूपले सुचित भई लिने निर्णय हो । यो हरेक व्यक्तिको मानवअधिकार हो ।

आप्रवासन गरेको हरेक व्यक्ति बेचबिखन ओसारपसारबाट पीडित हुन्छन् भन्ने होइन तर हरेक बेचबिखन ओसारपसारसँग गाँसिएको व्यक्ति आप्रवासन गरेको व्यक्ति हो ।

बेचबिखन/ओसारपसारलाई परिभाषित गर्दा मुख्य रूपमा आत्मसात गर्नुपर्ने कुरा भनेको बेचबिखन/ओसारपसार कहिले पनि आफ्नो इच्छाले हुँदैन । इच्छा विपरीत बलपूर्वक गरिने स्थानागमन जस्तो तत्वले नै बेचबिखन/ओसारपसारलाई अन्य किसिमका आप्रवाशनबाट छुट्याउन सकिन्छ । बेचबिखन/ओसारपसार भित्र समाविष्ट इच्छा विपरित (Lack of informed consent) लाई कुनै पनि प्रकारको आप्रवाशनमा रहेको अवैधतासँग मिसाउनु हुँदैन । सबै प्रकारको बेचबिखन ओसारपसार गैर कानुनी हो । तर सबै प्रकारका आप्रवासन (गैरकानुनी आप्रवासन समेत) बेचबिखन ओसारपसार होइन ।

## २.४ मानव तस्करी

विधिवत प्रवेशाज्ञा नभएको मुलुकमा गैर कानुनी रूपमा मानिसहरूको प्रवेश गराउने, गैरकानूनी रूपमा व्यक्तिको इच्छा अनुरूप उसको सहमति र चाहना अनुसार कसैले आर्थिक उपार्जन वा अन्य कुनै किसिमले फाईदा लिई एक देशबाट अर्को देशमा व्यक्तिलाई लगिदिने कार्य मानव तस्करीको कार्य हो ।

परिच्छेद ३

# सम्बन्धित कानुनी व्यवस्थाहरू

नेपालमा वैदेशिक रोजगारको ईतिहास करिव २०० वर्ष लामो भएता पनि धेरै पछि आएर मात्र यसलाई व्यवस्थित गर्ने प्रयासको थालनी गरिएको पाईन्छ । वर्तमान अवस्थामा वैदेशिक रोजगारीलाई निरूत्साहित र हतोत्साहित गर्ने नभई यसलाई व्यवस्थित र सहज गर्ने कानुन निर्माण भइरहेको छ । त्यसैगरि मानव बेचबिखनको कानुनमा पनि अनैतिकता र वेश्यावृतिको दृष्टिकोणबाट हिंसा, शोषण हुँदै धेरैपछि मात्र अधिकारवादी दृष्टिकोणहरूलाई समावेश गरिएको छ । पछिल्लो विकसित स्वरूपसम्मलाई मध्यनजर गर्दा नेपालमा वैदेशिक रोजगारी तथा यसको माध्यमबाट हुने बेचबिखनलाई परोक्ष र प्रत्यक्ष रूपमा सरोकार राख्ने मुख्यत: वैदेशिक रोजगार ऐन, २०६४ र मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण र सजाय) ऐन, २०६४ का मूलभुत विषयहरूलाई यस परिच्छेद अन्तर्गत राखेर हेर्ने प्रयास गरिएको छ ।

## ३.१ वैदेशिक रोजगार ऐन, २०६४ र यसका व्यवस्थाहरु

वैदेशिक रोजगार ऐन, २०४२ नियन्त्रणमुखी भएकै कारण यस सम्बन्धमा प्रभावकारी कानुनी व्यवस्थाको आवश्यकताको महसुस गरी वि.स. २०६४ मा वैदेशिक रोजगार ऐन, २०६४ को प्रार्दुभाव भएको हो । यस ऐन अन्तर्गत चल्ने मुद्दाहरु सरकार वादी हुन्छन् । यो ऐनलाई लागू गर्नका लागि वैदेशिक रोजगार नियमावली, २०६४ पनि लागू गरिएको छ । यस ऐनले कामदारहरूको हक हित र अधिकार संरक्षणका लागि प्रगतिशिल व्यवस्थाहरु गरिएको छ । वैदेशिक रोजगारमा महिला र पुरूषमा भएको विभेदलाई अन्त्य गर्न अविभेदको नीति तथा विशेष व्यवस्थाको नीति समेत अँगालेको छ ।

### ३.१.१ वैदेशिक रोजगारमा हुने कसूरहरू

- ईजाजतपत्र नलिइ वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा
- ईजाजतपत्रवालाले स्वीकृति नलिई कामदार पठाएमा
- नाबालिगलाई वैदेशिक रोजगारमा पठाएमा
- सरकारले खुला नगरेका मुलुकमा कामदार पठाएमा
- लिखत वा प्रतिवेदन लुकाएमा वा हेरफेर गरेमा
- अनुमतिबिना शाखा कार्यालय खोलेमा
- विज्ञापन प्रकाशन नगरेमा
- छनौट सूची प्रकाशन नगरेमा
- रकम फिर्ता गर्न वा क्षतिपूर्ति दिन इन्कार गरेमा
- ईजाजतपत्रवालाले व्यक्तिगत रूपमा कामदार पठाएमा
- कानूनले तोकेको प्रक्रिया पूरा नगरी व्यवसाय गरेमा वा शाखा खोलेमा,
- सेवा शुल्क, प्रवेशाज्ञा शुल्क तथा प्रबर्द्धन खर्च बढी लिएमा
- माथि उल्लेखित कार्यहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न भई कार्य गरेमा (मतियार)

### ३.१.२ संक्षिप्त कार्यविधि अन्तर्गत कारवाही

यो ऐन लागू हुनु अघि वैदेशिक रोजगारसँग सम्बन्धित मुद्दाहरूको कारवाही समाान्य कार्यविधि अनुसार जिल्ला अदालतमा चल्ने ऐनको प्रावधान खारेज गरि वैदेशिक रोजगार ऐन, २०६४ ले वैदेशिक रोजगारलाई नियमित गर्नका लागि यस सम्बन्धी मुद्दाहरूका लागि छुट्टै न्यायाधिकरणको गठन गरि यस ऐन अन्तर्गतको मुद्दामा संक्षिप्त कार्यविधि अपनाउने व्यवस्था गरेको छ । उक्त मुद्दाहरु प्रतिवाद परेको तीन महिनाभित्रमा फैसला हुनु पर्ने प्रावधान छ ।

### ३.१.३ न्यायिक सुनिश्चिताको लागि विशेष संरचना

**वैदेशिक रोजगार विभाग:** श्रम विभागको गठन वि.स. २०२८ सालमा भएको हो । तत्कालीन समयमा उद्योग मन्त्रालय अन्तर्गत रहेको श्रम विभागलाई २०३८ सालमा श्रम मन्त्रालय स्थापना भए पछि त्यसैको मातहतमा राखियो । वैदेशिक

रोजगार ऐन, २०४२ जारी भएपछि विभागको कार्यक्षेत्र विस्तार गरी २०५६ सालमा श्रम विभागको नाम श्रम तथा रोजगार प्रवर्द्धन विभाग कायम भयो । विभागले सम्पादन गर्दै आएको वैदेशिक रोजगारसम्बन्धी कार्यको जटिलता र कार्यचापले गर्दा वैदेशिक रोजगार ऐन, २०६४ अनुरूप वैदेशिक रोजगार सम्बन्धी मामला हेर्न छुट्टै वैदेशिक रोजगार विभागको २०६५ पुस १६ गते स्थापना गरियो ।

वैदेशिक रोजगारलाई नियमन गर्ने र वैदेशिक रोजगार कम्पनी र दर्ता नभएका एजेन्टका विरूद्ध प्रवासी कामदारले दिने उजुरी लिने र सुन्ने प्रमुख निकाय नै वैदेशिक रोजगार विभाग हो । वैदेशिक रोजगारमा मर्का पर्ने पीडितले वैदेशिक रोजगार विभागमा उजुरी दिन सक्दछन् । क्षतिपूर्तिसँग सम्बन्धित विषयहरूमा भए गरेको मितिले एक वर्षभित्र उजुरी दिनु पर्दछ । कामदार विदेशमा भए स्वदेश आईपुगेको एक वर्षभित्रमा उजुरी दिन पाउने सुविधा समेत कानुनले प्रदान गरेको छ ।

विभाग अन्तर्गतको विशेष अनुसन्धान इकाई, उजुरी दर्ता र अनुसन्धान शाखाले विभागमा परेको उजुरीका बारेमा अनुसन्धान गर्छ । वैदेशिक रोजगार कम्पनीका विरूद्ध परेका निश्चित मुद्दामा आदेश दिने र सजाय गर्ने, केही मुद्दा प्रहरी अथवा वैदेशिक रोजगार न्यायधिकरणमा पठाउने अधिकार पनि विभागलाई छ ।

### ३.१.४ अनुसन्धान अधिकृत

वैदेशिक रोजगार विभागमा परेका उजुरी उपर विभागले अनुसन्धान अधिकृत तोकी छानविन गर्दछ । अनुसन्धान तथा तहकिकात गर्दा अनुसन्धान अधिकृतले अभियुक्तलाई बयान गराई तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिने पर्याप्त आधार भएका कारण खोली तारेखमा राख्न, धरौटी वा जमानत लिई बढीमा ३० दिन थुनामा राखी कार्वाही गर्ने अधिकार रहन्छ । क्षतिपूर्तिसँग सम्बन्धित मुद्दाका निवेदन विभागले ग्रहण गरि विभागले नै निर्णय गर्दछ । अनुसन्धान अधिकृतले गम्भिर प्रकृतिका कैद र जरिवाना हुने कसुरहरूमा छानविन पश्चात् सरकारी वकिलको राय लिएर वैदेशिक रोजगार न्यायधिकरण समक्ष अभियोग पत्र दायर गर्दछ । अनुसन्धान तथा तहकिकात कार्यमा अनुसन्धान अधिकृतलाई आवश्यक सहयोग उपलब्ध गराउनु प्रहरी लगायत सबैको कर्तव्य हुने व्यवस्था ऐनले गरेको छ ।

### ३.१.५ वैदेशिक रोजगार न्यायाधिकरण

वैदेशिक रोजगार न्यायाधिकरणको स्थापना वि. सं २०६६ मा भएको थियो । तीन सदस्यीय वैदेशिक रोजगार न्यायाधिकरणको अध्यक्षमा पुनरावेदन अदालतको न्यायधिश रहने व्यवस्था रहेको छ भने अन्य सदस्यहरुमा भने श्रम अदालतको मुद्दा हेर्ने अधिकारी र न्याय सेवा आयोगले सिफारिस गरेका न्याय सेवाका प्रथम श्रेणीका अधिकृत रहने व्यवस्था छ ।

वैदेशिक रोजगार न्यायाधिकरणलाई वैदेशिक रोजगार विभागले मुद्दा छिन्न सक्ने अधिकार पाएका केही बाहेक सबै मुद्दा हेर्न पाउने अधिकार छ । गम्भीर प्रकृतिका कसुरमा दण्ड सजायसहित फैसला गर्ने अधिकार वैदेशिक रोजगार न्यायाधिकरणलाई प्रदान गरिएको छ । वैदेशिक रोजगार न्यायाधिकरणले प्रतिवादीको बयान पश्चात् निजलाई तारेखमा छाड्ने, धरौटी माग्ने वा थुनामा राख्ने आदेश गर्दछन् । त्यसपछि न्यायाधिकरणबाट वादी प्रतिवादीका साक्षी तथा प्रमाणहरु बुझ्ने कार्य हुन्छ । प्रमाण संकलनको काम सकिएपछि वादी प्रतिवादीका वकिलले वहस गर्दछन् । वादी प्रतिवादी पक्षको वहस तथा प्रमाणको विश्लेषण गरेर वैदेशिक रोजगार न्यायाधिकरणले फैसला गर्दछ ।

### ३.१.६ न्यायाधिकरणको निर्णयमा पुनरावेदन

वैदेशिक रोजगार न्यायाधिकरणले गरेको निर्णय उपर ३५ दिनभित्रमा सर्वोच्च अदालतमा पुनरावेदन गर्न सकिन्छ । न्यायाधिकरणबाट भएको निर्णयको कार्यान्वयन सम्बन्धित जिल्ला अदालतबाट हुने कानुनी व्यवस्था छ ।

### ३.१.७. बाह्य क्षेत्रीय अधिकार (Extrajudicial Jurisdiction)

यस ऐनले विदेशी भुमिमा भएको अपराधलाई समेत नेपाली भुमिमा भएको सरह मानि नेपालमा मुद्दा चलाउन सक्ने व्यवस्था गरेर बाह्य क्षेत्रीय अधिकार ग्रहण गरेको छ ।

### तालिका २: वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार न्यायधिकरणमा मुद्दा चल्ने प्रक्रिया




*(**स्रोत** : स्वदेशमा प्रवासी कामदारको न्यायमा पहुँच : नेपाल, सारा पाओलेट्टी, एलेनोर टेलर-निकल्सन, बन्दिता सिजापती, बस्सिना फार्बेनब्लम (सेन्टर फर द स्टडी अफ लेबर एन्ड मोबिलिटी र ओपनस सोसाइटी फाउन्डेसन)*

## वैदेशिक रोजगार ऐन, २०६४ अन्तर्गतका कसुर, दण्ड सजाय, हर्जाना/क्षतिपूर्ति र हदम्यादसम्बन्धी व्यवस्था

वैदेशिक रोजगार विभाग वैदेशिक रोजगारलाई नियमन गर्ने र सम्बन्धित उजुरी सुन्ने प्रमुख निकाय हो । वैदेशिक रोजगार ऐन, २०६४ अन्तर्गतका अपराधहरु फौजदारी अपराध भएता पनि ऐनले विभागलाई अभियोग लागेका अपराधमा अनुसन्धान गर्ने अधिकार दिएको छ ।

ऐनमा उल्लेख गरिएका केही मुख्य अपराध जस्तैः अनुमति विना वैदेशिक रोजगार व्यवसाय चलाएको, नाबालकलाई कामको लागि विदेश पठाएको तथा लिखत प्रतिवेदन लुकाएको, हेरफेर गरेको झुट्ठा विवरण तयार गरेको अपराधमा जहिलेसुकै उजुरी दिन सक्ने व्यवस्था ऐनले गरेको छ । क्षतिपूर्तिसम्बन्धी, करारको उल्लंघन, बढि शुल्क असुल गरेको जस्ता अपराधमा १ वर्षभित्र उजुरी गर्नुपर्ने प्रावधान रहेको छ । विदेशमा रहेको कामदारको हकमा भने नेपाल फर्किएको एक वर्षभित्र उजुरी गर्नुपर्ने व्यवस्था ऐनले गरेको छ । यससम्बन्धी विस्तृत विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छः

**तालिका ३ः वैदेशिक रोजगार ऐन, २०६४ अन्तर्गतका कसुर, दण्ड सजाय, हर्जाना/क्षतिपूर्ति र हदम्याद सम्बन्धी व्यवस्था**

| क्र. सं. | कसुर | दण्ड सजाय | हर्जाना/क्षतिपूर्ति | हदम्याद |
|---|---|---|---|---|
| १. | इजाजत नलिई वैदेशिक रोजगार व्यवसाय गरेमा वा कसैलाई वैदेशिक रोजगारमा लगाइदिन्छु भनी झुठो आश्वासन दिई वा प्रलोभन देखाई कुनै रकम लिई विदेश नपठाएमा (दफा ४३) | ३ वर्ष देखि ७ वर्षसम्म कैद र ३ लाख देखि ५ लाख रूपैयाँसम्म जरिवाना । विदेश पठाई नसकेको भए सो सजायको आधा सजाय हुन्छ । | लिएको रकम र सो को ५० प्रतिशत हर्जाना पीडितलाई भराई दिने र विदेश आउँदा जाँदाको खर्च भराई दिने | जहिलेसुकै । |

| क्र. सं. | कसुर | दण्ड सजाय | हर्जाना/क्षतिपूर्ति | हदम्याद |
|---|---|---|---|---|
| २. | इजाजतवालाले कसैलाई वैदेशिक रोजगारमा लगाई दिन्छु भनी झुठो आश्वासन दिई वा प्रलोभन देखाई कुनै रकम लिई विदेश नपठाएमा (दफा ४४) | ३ वर्षदेखि ७ वर्षसम्म कैद र ३ लाखदेखि ५ लाखसम्म जरिवाना तथा इजाजतवालाको इजाजत रद्द हुनेछ । विदेश पठाई नसकेको भए सो सजायको आधा सजाय हुन्छ । | लिएको रकम र सो को ५० प्रतिशत हर्जाना पीडितलाई भराई दिने र विदेश आउँदा जाँदाको खर्च भराई दिने । | जहिलेसुकै । |
| ३. | इजाजतपत्रवालाले विभागबाट स्वीकृति नलिई कामदार विदेश पठाएमा (दफा ४४) | ३ वर्षदेखि ७ वर्षसम्म कैद र ३ लाखदेखि ५ लाख रूपैयाँसम्म जरिवाना तथा इजाजतवालाको इजाजत रद्द हुनेछ । | | जहिलेसुकै । |
| ४. | १८ वर्ष उमेर पुरा नभएको व्यक्तिलाई वैदेशिक रोजगारमा पठाएमा (दफा ४५) | ३ वर्षदेखि ५ वर्षसम्म कैद र ३ लाखदेखि ७ लाख रूपैयाँसम्म जरिवाना | | जहिलेसुकै । |
| ५. | सरकारले खुल्ला नगरेका मुलुकमा कामदार पठाएमा (दफा ४६) | ३ वर्षदेखि ७ वर्षसम्म कैद र ३ लाखदेखि ५ लाख रूपैयाँसम्म जरिवाना । कामदार विदेश पठाई नसकेको भए सो सजायको आधा सजाय हुन्छ । | | जहिलेसुकै । |
| ६. | विभागको अनुमति विना शाखा कार्यालय खोलेमा (दफा ४८) | प्रत्येक शाखा कार्यालयका लागि २ लाख रूपैयाँसम्म जरिवाना र शाखा कार्यालय बन्द गर्ने । | | भए गरेको मितिले १ वर्षभित्र । |

| क्र.सं. | कसुर | दण्ड सजाय | हर्जाना/क्षतिपूर्ति | हदम्याद |
|---|---|---|---|---|
| ७. | विज्ञापन प्रकाशन नगरेमा (दफा ४९) | ५० हजार रूपैयाँ जरिवाना र विज्ञापन रद्द गर्न लगाउने आदेश | | भए गरेको मितिले १ वर्षभित्र । |
| ८. | रोजगार करार विपरीत कार्य गरे गराएमा (दफा ५५) | १ लाख रूपैयाँ जरिवाना | कम भएको पारिश्रमिक सुविधा वापतको रकम कामदारलाई भराई दिने । | भए गरेको मितिले १ वर्षभित्र वैदेशिक रोजगारमा गएको कामदारको हकमा कामदार स्वदेश आई पुगेको मितिले १ वर्षभित्र |
| ९. | इजाजतवालाले व्यक्तिगत रूपमा कामदार पठाएमा (दफा ५२) | १ लाखदेखि ३ लाख रूपैयाँसम्म जरिवाना वा इजाजतपत्र रद्द वा दुवै | | भए गरेको मितिले १ वर्ष भित्र वैदेशिक रोजगारमा गएको कामदारको हकमा कामदार स्वदेश आईपुगेको मितिले १ वर्षभित्र । |
| १०. | रकम फिर्ता वा क्षतिपूर्ति दिन इन्कार गरेमा (दफा ५१) | १ लाख रूपैयाँ जरिवाना र इजाजत रद्द गर्न सक्ने | धरौट रकमबाट कामदारको रकम फिर्ता गराउने वा क्षतिपूर्ति दिलाउने | भए गरेको मितिले १ वर्ष भित्र वैदेशिक रोजगारमा गएको |

| क्र. सं. | कसुर | दण्ड सजाय | हर्जाना/क्षतिपूर्ति | हदम्याद |
|---|---|---|---|---|
| | | | | कामदारको हकमा कामदार स्वदेश आइपुगेको मितिले १ वर्षभित्र |
| ११. | छनौट सूची प्रकाशन नगरेमा (दफा ५०) | ५० हजार जरिवाना गरी पुन: छनौट सूची प्रकाशन गर्ने आदेश दिन सक्ने | | भए गरेको मितिले १ वर्षभित्र |
| १२. | प्रवेशाज्ञा शुल्क, सेवा शुल्क तथा प्रवर्द्धन खर्च बढी लिएमा (दफा ५३) | १ लाख रूपैयाँ जरिवाना | बढी लिएको शुल्क वा खर्च सम्बन्धित व्यक्तिलाई फिर्ता | भए गरेको मितिले १ वर्षभित्र । |
| १३. | लिखत प्रतिवेदन लुकाएमा वा हेरफेर गरेमा (दफा ४७) | १ लाख रूपैयाँदेखि ३ लाख रूपैयाँसम्म जरिवाना र ६ महिनादेखि १ वर्षसम्म कैद | | जहिलेसुकै । |
| १४. | आदेश वा निर्देशन पालना नगरेमा (दफा ५४) | पहिलो पटक सचेत गराउने, दोश्रो पटक ५० हजार रूपैयाँ जरिवाना र तेश्रो पटक पनि सोही कसुर दोहोऱ्याएमा १ लाख रूपैयाँ जरिवाना गरी इजाजत पत्र रद्द गर्न सक्ने । | | भए गरेको मितिले १ वर्षभित्र । |
| १५. | मतियारलाई सजाय (दफा ५६) | कसुर गरे वापत हुने सजायको आधा सजाय | कसुरको प्रकृति अनुसार | कसुरको प्रकृति अनुसार |

| क्र. सं. | कसुर | दण्ड सजाय | हर्जाना / क्षतिपूर्ति | हदम्याद |
|---|---|---|---|---|
| १६. | कम्पनीका प्रमुखलाई हुने सजाय (दफा ५७) | कुनै फर्म, कम्पनी, संस्था वा इजाजतवालाले यस ऐन बमोजिम सजाय हुने कसूर गरेकोमा त्यस्तो कसूर गर्ने पदाधिकारी वा कर्मचारी पहिचान भएकोमा त्यस्तो पदाधिकारी वा कर्मचारीलाई र सो पदाधिकारी वा कर्मचारी पहिचान हुन नसकेकोमा कसुर हुंदाका बखत त्यस्तो फर्म, कम्पनी, संस्था प्रमुख भई कामगर्ने व्यक्तिलाई सजाय हुनेछ । | | कसुरको प्रकृति अनुसार । |

## ३.२ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

नेपालमा मानव बेचबिखन तथा ओसारपसार हिंसाका एक प्रमुख स्वरूपका रूपमा रहेको छ र यसलाई राज्यविरूद्धका गम्भिर अपराधका रूपमा लिइन्छ । वि.स. २०६४ अघि यसलाई जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ अन्तर्गतका दण्डनीय अपराध मानिन्थ्यो भने वि. स. २०६४ मा नयाँ कानुनका निर्माण गरि मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लागू गरियो । यस ऐनले पीडित केन्द्रीत बृहत अवधारणालाई अङ्गिकार गरेको छ । यो ऐनलाई कार्यान्वयन गर्ने सिलसिलामा २०६५ सालमा नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले नयाँ प्रावधानहरूको व्यवस्था गरेको छ । यो ऐन पीडित केन्द्रित छ । यस ऐनले आफ्नो परिभाषालाई विस्तार गरेको छ, मानव बेच्ने र किन्ने दुवैलाई उत्तिकै दोषी मानी दण्ड सजायको व्यवस्था गरेको छ । ऐनको परिभाषाभित्र अङ्ग झिक्ने कार्यलाई समेत दण्डनीय बनाइएको छ । बेचबिखनसम्बन्धी सूचना जो कोहीले नजिकको प्रहरी कार्यालयमा दिन सक्ने व्यवस्था गरेको छ । अभियोग लागेपछि प्रमाणको भार पुऱ्याउने दायित्व अभियुक्तमाथि नै रहेको छ । यो पीडितमैत्री प्रावधान हो । बन्द इजलाश, पीडितको बयान दर्ता भई एकपटक अदालतबाट प्रमाणित भैसकेको छ भने पुनः दोहोऱ्याएर दिन नपर्ने, पुनर्स्थापनासम्बन्धी विशेष व्यवस्थाहरू, पुनर्स्थापना केन्द्रहरू लगायत पीडित/प्रभावितमैत्री प्रावधानहरूको व्यवस्था पनि गरिएको छ । कुनै पनि प्रयोजनका लागि मानिसलाई खरिद गर्ने, बँधुवा श्रमका लागि मानिसलाई दास बनाउने, वेश्यावृतिमा लगाउने, बालबालिकाको अपहरण गर्ने र अन्य सबै प्रकारका शोषणलाई समेटेको छ । बेचबिखन तथा ओसारपसारका लागि प्रयोगमा ल्याइएको सम्पत्ति जफत गर्ने, पीडित र सूचनादाताको संरक्षण र क्षतिपूर्तिका प्रावधानहरू पनि यसमा समेटिएका छन् । त्यसरी नै पीडित/साक्षीलाई सुरक्षाको व्यवस्थासमेत गरेको छ । पहिलोपल्ट कानुनले छुट्टै कानुन व्यवसायी राख्न पाउने व्यवस्था गरेको छ । त्यसको साथै पीडितको लागि क्षतिपूर्तिको व्यवस्था गरेको छ । पीडितका लागि पुनर्स्थापना केन्द्र, सुराकीलाई पुरस्कार पनि यस ऐनका नविन व्यवस्था हुन् ।

मानव बेचबिखन ऐन अन्तगर्तका मुद्दाहरूको उजुरी प्रहरी कार्यालयमा दर्ता हुन्छन् । अनुसन्धान कार्य प्रहरीले नै गर्दछन् र सो पश्चात् सरकारी वकिलद्वारा जिल्ला अदालतमा अभियोग दर्ता गरिन्छ । जिल्ला अदालतले दुवै पक्षको प्रमाण बुझिसकेपछि फैसला गर्दछ । सो फैसलामा चित नबुझेको खण्डमा सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन लाग्दछ । बेचबिखनसम्बन्धी फैसलाको कार्यान्वयन सम्बन्धित जिल्ला अदालतबाट हुन्छ । बेचबिखनको कसुरमा उजुरीको हदम्याद नभएकोले जहिलेसुकै उजुरी गर्ने सकिन्छ ।

**मानव बेचबिखनको कार्यः**

(क) कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने,

(ख) कुनै प्रकारका फाईदा लिई वा नलिई वेश्यावत्तिमा लगाउने,

(ग) प्रचलित कानुन बमोजिम बाहेक मानिसका अङ्ग झिक्ने,

(घ) वेश्यागमन गर्ने ।[२]

**ओसारपसारको कार्यः**

(क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदशमा लैजाने,

(ख) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलाभेनमा पारी, झुक्याई, जालसाजी गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाईदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिइ वा करकापमा पारी कसैलाई बसिरहेका घर, स्थान वा व्यक्तिबाट छुटाई लग्न वा आफूसँग राख्न वा आफ्ना नियन्त्रणमा लिन वा कुनै स्थानमा राख्न वा नेपालभित्रका एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजान वा अरू कसैलाई दिन ।[३]

**शोषणको परिभाषाः**

"शोषण" भन्नाले दास तुल्याउने, बाँधा बनाउने कार्य सम्झनुपर्छ र सो शब्दले प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने कार्य समेतलाई जनाउँछ ।[४]

## मानव बेचबिखन तथा ओसारपसारको कसूर गर्नेलाई दण्ड सजाय तथा क्षतिपूर्तिसम्बन्धी व्यवस्था

***मानव बेचबिखन तथा ओसारपसारको कसुरमा हुने सजाय***

- मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र दुई लाख रूपैयाँ जरिवाना हुने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसूरको मात्रा

२. मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को ऐनको दफा ४(१)
३. मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को ऐनको दफा ४(२)
४. मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को ऐनको दफा २(ङ)

अनुसार दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना हुने,

- प्रचलित कानून बमोजिमबाहेक मानिसको कुनै अङ्ग झिक्नेलाई दश वर्ष कैद र दुई लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिवाना हुने,
- वेश्यागमन गर्नेलाई एक महिनादेखि तीन महिनासम्म कैद र दुई हजार रूपैयाँदेखि पाँच हजार रूपैयाँसम्म जरिवाना हुने ।[५]

***किन्ने, बेच्ने वा वेश्यावृत्तिमा लगाउने कसूरमा हुने सजाय[६]***

- किन्ने वा बेच्ने वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई विदेश लैजानेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद र एक लाख रूपैयाँदेखि दुईलाख रूपैयाँसम्म जरिवाना,
- नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दश वर्ष कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए दश वर्षदेखि बाह्र वर्षसम्म कैद र एक लाख रूपैयाँ जरिवानाको गर्ने,
- शोषण गर्ने उद्देश्यले नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई एक वर्षदेखि दुई वर्षसम्म कैद र विदेश लगेको भए दुई वर्षदेखि पाँच वर्षसम्म कैद,
- मानव बेचबिखन वा ओसारपसारको कसूर गर्न दुरूत्साहन, षड्यन्त्र वा उद्योग गर्नेलाई वा सो कसूरको मतियारलाई सो कसूर गर्दा हुने सजायको आधा सजाय ।

***माथि उल्लेखित बाहेक मानव बेचबिखनसम्बन्धी कसूरमा हुने अन्य सजाय[७]***

- किन्ने वा बेच्ने व्यक्ति र कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने व्यक्ति एउटै भएमा निजलाई किने वा बेचे बापत

---

५. मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को ऐनको दफा १५(१)
६. मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को ऐनको दफा १५(१)(ङ)
७. मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को ऐनको दफा १५(२),(३),(४),(५),(६)

र कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाए बापत छुट्टाछुट्टै सजाय,

- किन्ने वा बेच्ने वा कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने शोषण गर्ने अपहरण गर्ने, अपहरण गरी शरीर वन्धक राख्ने जस्ता कसूर गर्ने व्यक्ति एउटै भएमा निजलाई किने वा बेचे बापत र त्यस्तो कसूर गरे बापत छुट्टाछुट्टै सजाय,
- ऐन अन्तर्गत कसुर हुने कार्य गरी कसैले छुटाइ लैजाने र किन्ने, बेच्ने वा कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने उद्देश्यले विदेश वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजाने व्यक्ति एउटै भएमा त्यसरी छुटाइ लगेको र विदेश वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लगे बापत छुट्टाछुट्टै सजाय,
- मानव बेचविखन तथा ओसार पसारको कसूर कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको भएमा निजलाई सो कसूर गरे बापत हुने सजायँको अतिरिक्त सो सजायँको पच्चीस प्रतिशत थप सजाय,
- कसैले मानव बेचविखन तथा ओसार पसारको कसूर आफ्नो संरक्षणमा वा अभिभावकत्वमा रहेको वा मुलुकी ऐनको हाडनाता करणीको महल बमोजिम सजायहुने व्यक्तिका सम्बन्धमा गरेको रहेछ भने निजलाई यस ऐनमा लेखिएको सजाँयको अतिरिक्त सो सजायको दश प्रतिशत थप सजाय ।
- कसैले मानव बेचविखन तथा ओसार पसारको कसूर पुनः गरेमा त्यस्तो पटके अपराधीलाई कसूर गरे बापत सो कसूर गरेमा हुने सजाँयको एक चौथाई थप सजाय ।[८]
- मुद्दाको पुर्पक्षको बेलामा विपरित बयान दिएमा वा अदालतले बोलाएको समयमा उपस्थित नभएमा वा सहयोग नगरेमा ३ महिनादेखि १ वर्षसम्म कैद गर्न सकिने ।

वैदेशिक रोजगार न्यायाधिकरणले वैदेशिक रोजगारसम्बन्धी मुद्दाहरु हेर्ने भनिए तापनि हाल आएर मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दा अन्तर्गत उजुर हुनसक्ने मुद्दाहरु पनि न्यायाधिकरण अन्तर्गत दर्ता हुने गरेको पाइन्छ ।

---

८. मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को ऐनको दफा १५

परिच्छेद ४

# वैदेशिक रोजगारसम्बन्धी केही तथ्यांकहरु र यसका प्रकृति

## तालिका ४: वैदेशिक रोजगार विभाग र न्यायधिकरणमा दर्ता गरिएका उजुरीहरू

| क्र. स. | वर्ष | २०६६/६७ | | | २०६७/६८ | | | २०६८/६९ | | | २०६९/७० | | | २०७०/७१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | व्यक्ति विरूद्ध उजुरी (एजेन्ट विरूद्ध) | संस्था विरूद्ध उजुरी (काममा पठाउने संस्था विरूद्ध ) | जम्मा | व्यक्ति विरूद्ध उजुरी | संस्था विरूद्ध उजुरी | जम्मा | व्यक्ति विरूद्ध उजुरी | संस्था विरूद्ध उजुरी | जम्मा | व्यक्ति विरूद्ध उजुरी | संस्था विरूद्ध उजुरी | जम्मा | व्यक्तिगत उजुरी | संस्थागत उजुरी | जम्मा |
| १. | वैदेशिक रोजगार विभागमा दर्ताभएका उजुरी | ३२३ | ३३२ | ६६५ | ७२१ | ४८३ | १२०४ | १३७० | ८०२ | २१७२ | १२४५ | १०६० | २३०५ | ८९९ | १४०६ | २३०५ |
| २. | वैदेशिक रोजगार विभागले किनारा लगाएका मुद्दा | १०५ | १२५ | २३० | ३५५ | ३०२ | ६५७ | २५७ | २०२ | ४५९ | २०२ | ३५० | ५५२ | १४५ | २७२ | ४१७ |
| ३. | न्यायधिकरणमा दायर गरिएका मुद्दा | ६५ | १२ | ७७ | ८९ | ८ | ९७ | १८८ | ८ | १९६ | १६४ | १४ | १७८ | १०७ | ५ | ११२ |
| ४. | पीडितले उजुरी फिर्ता लिएका मुद्दा | १७ | ६५ | ८२ | १८० | २६७ | ४४७ | १७१ | १४३ | ३१४ | उपलब्ध नभएको | उपलब्ध नभएको | उपलब्ध नभएको | उपलब्ध नभएको | उपलब्ध नभएको | |

*स्रोत : वैदेशिक रोजगार विभाग*

वैदेशिक रोजगार विभागमा चार वर्षमा (२०६६/६७ देखि २०६९/७०) दर्ता भएका उजुरीहरूको संख्या हेर्दा क्रमशः ६६५, १२०४, २१७२ र २३०५ रहेको छ । यसले संस्थाविरूद्धभन्दा व्यक्तिविरूद्ध धेरै उजुरीहरु परिरहेको अवस्थालाई उजागर गर्दछ । यी मुद्दाहरूमध्ये न्यायाधिकरणमा क्रमशः ७७, ९७, १९६ र १७८ मुद्दाहरु मात्र दर्ता भएका छन् । अतः सरोकारवालासँगको छलफलको साथै तालिका ४ को विश्लेषणबाट पनि पीडितले उजुरी फिर्ता लिनेको संख्या पनि ठूलो रहेको र यस्ता उजुरी फिर्ता लिनु र न्यायाधिकरण समक्ष नपुग्नाका पछाडि डर, धाक, धम्की, आर्थिक प्रलोभन, झन्झटिलो न्यायिक प्रक्रिया आदि विभिन्न कारणहरु रहेका छन् ।[९] पीडितहरूको न्यायमा सुनिश्चितता गर्नका लागि विभागबाट न्यायाधिकरण समक्ष कम मुद्दाहरु दायर हुनाका सही कारण पहिचान गर्न आवश्यक छ । विगत चार वर्षको तथ्यांक हेर्दा संस्थागत उजुरीहरूको संख्या प्रत्येक वर्ष बढ्दो रहेको छ, तर अपवादको रूपमा २०७०/७१ भने संस्थाविरूद्ध भन्दा व्यक्तिविरूद्धका उजुरीहरूको संख्या बढि रहेको छ । त्यसैगरि वैदेशिक रोजगार विभागले किनारा लगाएका मुद्दाहरूको संख्या पनि धेरै नै रहेको छ तर यस अध्ययनले सो मुद्दाहरूको विश्लेषण भने गर्न सकेको छैन । तसर्थ विभागमा उजुरीको निरोपण कसरी के को आधारमा भएको छ, पीडितले न्यायको अनुभूति गरेको छ वा छैन हेर्न आवश्य रहेको छ । व्यक्तिविरूद्धको उजुरीहरु पनि संस्थागत उजुरीहरूभन्दा बढि रहेको छ । यसले अझै पनि विदेश जानको लागि संस्थाभन्दा बढि व्यक्तिको नै विश्वास गर्ने प्रवृतिलाई पनि दर्शाउँछ । उल्लेखित तथ्यांकबाट व्यक्ति वा एजेण्टलाई नै कामदारहरूले बढि विश्वास गरेको र उनिहरूबाट नै बढि धोका वा ठगी भएको देखिन्छ । यसरी वैदेशिक रोजगारमा पठाउनका लागि एजेण्ट संस्थागत रूपमा भन्दा व्यक्तिगत रूपमा नै कार्यरत भएको वा कामदार स्वयंले पनि संस्थागत रूपमा भन्दा व्यक्तिगत रूपमा आप्रवासनमा जान प्राथमिकता दिएको देखिन्छ ।

९. सरोकारवालासँगको अन्तर्वार्ता

### तालिका ५: परिवारमा अनुपस्थित जनसंख्या, २०६८

| क्षेत्र | लिङ्ग | | | | लिङ्ग नखुलेको | जम्मा |
|---|---|---|---|---|---|---|
| | पुरूष | % | महिला | % | | |
| नेपाल | १६८४०२९ | ८७ | २३७४०० | १२ | ६५ | १९२१४९४ |
| हिमाल | ८२३२२ | ७८ | २३१०१ | २२ | ० | १०५४२३ |
| पहाड | ८६०५५५ | ८७ | १३०६०४ | १३ | ८ | ९९११६७ |
| तराई | ७४११५२ | ९० | ८३६९५ | १० | ५७ | ८२४९०४ |
| शहरी क्षेत्र | २२७६३२ | ८० | ५७७७४ | २० | १५ | २८५४२१ |
| ग्रामीण क्षेत्र | १४५६३९७ | ८९ | १७९६२६ | ११ | ५० | १६३६०७३ |

*स्रोत: राष्ट्रिय जनगणना, केन्द्रीय तथ्यांक विभाग*

### तालिका ६: श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गएका कामदारको संख्यात्मक विवरण:

| सि.नं. | आ.व.को विवरण | पुरूष | महिला | जम्मा | प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | | | पुरूष | महिला |
| १ | २०६७/०६८ | ३४४३०० | १०४१६ | ३५४७१६ | ९७.०६ | २.९४ |
| २ | २०६८/०६९ | ३६१७०७ | २२९५८ | ३८४६६५ | ९४.०३ | ५.९७ |
| ३ | २०६९/०७० | ४२३०९२ | २७७४२ | ४५०८३४ | ९३.८५ | ६.१५ |
| ४ | २०७०/०७१ | ४९२७२४ | २९१५४ | ५२१८७८ | ९४.४१ | ५.५९ |

*स्रोत: वैदेशिक रोजगार विभाग*

राष्ट्रिय जनगणना, २०६८ को तथ्यांक अनुसार परिवारमा अनुपस्थित महिलाको संख्या २३७,४०० रहेको छ भने वैदेशिक रोजगार विभागमा श्रम स्वीकृति लिएर आ.व. २०७०/७१ मा वैदेशिक रोजगारमा जाने महिलाको संख्या २९१५४ मात्र रहेको छ । केही वैदेशिक रोजगार सम्बन्धी नीतिहरु र व्यवस्थाहरुले महिलालाई सुरक्षा दिने नाममा लगाईएका प्रतिवन्धहरुका कारण वैदेशिक रोजगारमा जानका लागि श्रम स्वीकृति नलिई गैर कानुनी नाकाहरुको प्रयोग गरि विदेश जाने कार्यले महिलाहरु थप जोखिममा पर्ने सम्भावना रहेको देखिन्छ । यसै गरी वैदेशिक रोजगार विभागको आ. व. ०७० /७१ को तथ्यांकले ५० प्रतिशत महिलाहरु मात्र संस्थाहरु मार्फत विदेशिने र सोही स्थानमा ८७ प्रतिशत पुरूषहरु संस्थागत प्रक्रियाबाट विदेशिने कुरा देखाएको छ ।

**वैदेशिक रोजगारमा घरेलु कामदार पठाउने सम्बन्धी निर्देशिका, २०७२**

**दफा ३(३) : साउदी अरब, कतार, कुवेत, यु.ए.इ., ओमन, वहराइन, लेवनान र मलेसियामा घरेलु कामदारको रूपमा वैदेशिक रोजगारमा जाने महिलाको उमेर चौबिस वर्ष पूरा भएको हुनु पर्नेछ ।**

परिच्छेद ५

# वैदेशिक रोजगार न्यायाधिकरणका निर्णयहरू र मानव बेचबिखनको प्रश्न

यस परिच्छेदमा वि. सं. २०६६ देखि २०६९ सम्म संकलन गरिएका वैदेशिक रोजगार न्यायाधिकरणबाट भएका ११९ वटा फैसलाहरूको विश्लेषणबाट न्यायाधिकरणमा दर्ता हुने मुद्दाहरूको प्रकृति र प्रवृति अध्ययन गरी यी मुद्दाहरूमा अन्तरनिहित रहेका मानव बेचबिखनका प्रश्नहरूलाई केलाउने प्रयास गरिएको छ । यसको लागि वैदेशिक रोजगार न्यायाधिकरणमा दर्ता भएका मुद्दाहरूको विविध पक्षहरूमा संख्यात्मक विश्लेषण र न्यायाधिकरणबाट भएका निर्णयहरु मानव बेचबिखनको परिधिभित्र रहेर संवेदनशिलताको आधारमा गुणात्मक विश्लेषण गरिएको छ । यसले वैदेशिक रोजगार र मानव बेचबिखनको अर्न्तनिहित सम्बन्धलाई बुझ्ने र यसका प्रवृति र प्रकृतिको पहिचान गर्ने कार्यमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

## ५.१ फैसला विश्लेषण

सामान्यतया न्यायकर्ताले मिसिलमा संलग्न रहेका प्रमाण एवं पक्ष-विपक्षद्वारा पेश गरिएका तर्कका आधारमा निर्णय गर्दछन् । संकलित सवुत प्रमाण र तर्कको आधारमा दिईएको निर्णयबाट न्यायको अभिष्ट पुरा भएको ठानिन्छ । कुनै मुद्दाको सन्दर्भमा कानूनको व्याख्या गर्दा वा प्रमाणको मूल्यांकन गर्दा न्यायधीशबीच फरक मत हुन सक्दछ । न्याय समय सापेक्ष हुनुपर्दछ । प्रत्येक मुद्दाका तथ्य र परिस्थितिहरु फरक हुन सक्छन् । ती तथ्य र परिस्थितिलाई न्यायिक मर्म र न्यायिक सापेक्षता केलाउने क्रममा फरक फरक विचार उत्पन्न हुन सक्दछन् । यही कारणले निर्णयमा विविधता आउन सक्दछ ।

न्यायकर्ताहरु सामाजिक गतिशिलताका द्योतक मानिन्छन् । कानून निर्माण गर्दाकै अवस्थामा समाज स्थिर रहँदैन र सदा गतिशिल हुन्छ, परिस्थितिहरु

निरन्तर परिवर्तन भईरहेको हुन्छ । त्यस्तो परिवर्तित परिस्थितिलाई कानूनी रूपमा आत्मसात् गर्न न्यायकर्ता अग्रसर हुन अत्यन्तै आवश्यक हुन्छ । यस परिस्थितिमा कानूनको सकारात्मक व्याख्याको माध्यमबाट समेट्न सक्ने न्यायिक सिर्जनशीलताको क्षमता न्यायधीशहरूमा हुनुपर्दछ भन्ने मान्यता रहेको छ ।

न्यायधीशले कानूनको धोषणा गर्ने मात्र नभै यसको परिणामप्रति पनि संवेदनशील हुनुपर्दछ र कानूनको व्याख्या अक्षरशभन्दा उद्देश्यमूलक हुनुपर्दछ । कानुनमा भएका अक्षरको सीमामा मात्रै नबाँधिएर कानूनको प्रयोग हुन सक्ने तथ्यप्रति मानसिक रूपले खुला हुनुपर्दछ । न्यायिक प्रकृया एउटा एकाङ्की प्रकृया नभएर सामाजिक प्रकृया पनि भएकाले जसको लागि न्याय गरिने हो उसको सामाजिक धरातल र यथार्थताबाट माथि उठेर न्याय सम्पादन गरिनु पर्दछ ।

हाम्रो जस्तो अभियोजनात्मक प्रणाली अवलम्वन गरेको फौजदारी न्याय प्रणालीमा न्यायधीशलाई मुद्दाको रोहमा तटस्थ राखिन्छ र अदालत स्वयंले मुद्दाको थालनी गर्दैन । पीडितले वैदेशिक रोजगार विभागमा दायर गरेको उजुरीका सम्बन्धमा अनुसन्धान अधिकृत तोक्ने र अनुसन्धान प्रकृया अघि बढाएर सवुत प्रमाण सहित अभियोजनकर्ताले दायर गरेको मुद्दाबाट मात्र वैदेशिक रोजगार कसुरसम्बन्धी मुद्दाको न्यायिक परिक्षण शुरू हुन्छ । यसरी पीडितद्वारा उजुरी नगरेका घटनाका सम्बन्धमा विभाग वा न्यायधिकरण स्वयंले कारवाही प्रारम्भ गर्ने तथा तहकिकातको आदेश दिने व्यवस्था सम्बन्धित कानूनले गरेको छैन । वैदेशिक रोजगारीका लागि जाने नेपालीहरु विदेशी भूमिमा श्रम शोषण र बेचबिखनमा परेको र पर्न सक्ने जोखिमता बढ्दै गएको सन्दर्भमा वैदेशिक रोजगार न्यायाधिकरणबाट भएका फैसलाको प्रवृति र वैदेशिक रोजगारीसँग जोडिएका मानव बेचबिखनको प्रश्नहरूलाई केलाउने र विश्लेषण गर्ने क्रममा अध्ययनमा सामेल केही महत्वपूर्ण फैसलाको विश्लेषण गर्ने प्रयास यस खण्डमा गरिएको छ ।

## मानव बेचबिखन तथा ओसारपसार र वैदेशिक रोजगारबीचको अर्न्तसम्बन्ध

मानव बेचबिखन एक अत्यन्तै गम्भिर र मानवताविरूद्धको क्रुर अपराध हो भने वैदेशिक रोजगार व्यक्तिको अधिकार हो । यि दुवै कार्यहरूको प्रकृति र प्रवृत्तिलाई केलाउने हो भने मानव बेचबिखन तथा ओसारपसार र वैदेशिक रोजगारीबीच गहिरो अर्न्तसम्बन्ध रहेको देखिन्छ । वर्तमान घटना क्रमलाई

केलाउँदा यो कार्य वैदेशिक रोजगारको रूपमा शुरूवात भएर त्यसको परिणाम मानव बेचबिखनमा गएर टुङ्गिने गरेको छ भने वैदेशिक रोजगारसम्बन्धी पूर्ण जानकारी विना जाँदा कामदारहरु शोषणको शिकार हुने गरेका छन् । बिशेष गरेर खाडी मुलुकहरूमा महिला कामदारहरूको सन्दर्भमा वैदेशिक रोजगारीको आवरणभित्र मानव बेचबिखन तथा ओसारपसार अन्तर्गतका घटनाहरु प्रशस्त मात्रामा हुने गरेका छन् । पुरूष कामदारहरू पनि शोषण तथा बेचबिखनमा पर्ने गरेका छन् । पछिल्लो समयमा वैदेशिक रोजगारीमा यस प्रकारका मानव बेचबिखनको घटनाहरु अन्य देशहरूमा समेत मौलाईरहेको पाईन्छ भने न्याय सम्पादनमा मानव बेचबिखनका प्रश्न जोडिएर आएको देखिन्छ । वैदेशिक रोजगार न्यायाधिकरण विशुद्ध रूपमा वैदेशिक रोजगारीका मुद्दाहरु मात्र हेर्नका लागि स्थापना भएता पनि त्यहाँबाट भएका फैसलाहरूको अध्ययन गर्दा मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कानुन आकर्षित हुने समेत वैदेशिक रोजगार ऐन अन्तर्गत मात्र फैसला भएको देखिन्छ ।

पछिल्ला वर्षहरूमा वैदेशिक रोजगारीमा जाने महिलाहरूको संख्या दिनानुदिन बढिरहेको पाईन्छ । राष्ट्रिय जनगणना २०६८ को तथ्यांक हेर्दा परिवारमा अनुपस्थित महिलाको संख्या १२ प्रतिशत (कुल २,३७,४०० जना) रहेका छन्, तर यो संख्या श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गएका महिला कामदारको संख्यात्मक विवरणसँग मेल खाएको पाइँदैन । वैदेशिक रोजगारमा जाने महिला कामदारहरूको संख्यात्मक वृद्धिसँगै मानव बेचबिखन, ओसारपसार, यौन शोषण र श्रम शोषणको जोखिम पनि थपिँदै गएको छ ।

**तालिका ७: वैदेशिक रोजगारमा जानेहरूको लैङ्गिक तथ्यांक**



प्रस्तुत वैदेशिक रोजगार विभागको आ.व. २०७०/७१ को तथ्यांकअनुसार रोजगारमा जाने पुरूष ९४% र महिला ६% रहेको देखिन्छ । यसले महिलाहरूले वैदेशिक रोजगारमा जानका लागि अनौपचारिक संयन्त्रहरूको प्रयोग गरेको तथ्य छर्लङ्ग हुन्छ । तर अध्ययनका लागि संकलन गरिएका ११९ मुद्दाहरूमध्ये ११ प्रतिशत मुद्दामा महिलाहरु पीडितका रूपमा रहेका छन् र पीडित हुनेहरूको यो संख्या पनि वैदेशिक रोजगार विभागमा दर्ता भएका घटनाहरूमा मात्र आधारित छ ।

अध्ययनमा सामेल गरिएका उजुरीहरु मध्ये १०३ वटा मुद्दाहरूमा पुरूष पीडित, १३ वटामा महिला र ३ वटा मुद्दामा महिला र पुरूष दुवै पीडितका रूपमा रहेका छन् । ११९ मुद्दाहरूमा कुल ४४२ जना पुरूष तथा २९ महिला पीडितका रूपमा रहेका छन् । यससम्बन्धी पीडा भोगेका सम्बन्धित सेवा प्रदायक संस्थाहरूका अनुसार ती प्रभावित महिलाहरूले समाजमा आफ्नो बदनामी हुने, परिवारमा पुर्नस्थापना गर्न गाह्रो हुने डरले पीडितहरूले आफ्नो वास्तविक पिडा बताउन चाहँदैनन् । जसले गर्दा घटनाहरु दर्ता नभएको, सेवाग्राहीहरूमा न्याय खोज्न जाने प्रवृतिमा कमी आएको कारणले वास्तविक पीडितको संख्या अझ वृद्धि हुन सक्दछ । यसप्रकार उल्लेखित तथ्यांकले मात्र वैदेशिक रोजगारमा गएर अन्यायमा परेको कूल संख्याको कति प्रतिशत महिला रहेका छन् भन्ने कुराको प्रतिनिधित्व गर्दैन । गैह्रकानुनी तरिकाबाट वैदेशिक रोजगारीमा जाँदा नक्कली पहिचान र कागजात बनाएर जाने प्रवृतिले गर्दा आफु उपर अध्यागमनसम्बन्धी कानुन, नक्कली नागरिकता/किर्ते पासपोर्ट आदिबाट मुद्दा पर्न सक्ने सम्भावनाका कारण पनि उजुरी नभएको हुन सक्छ ।

**तालिका ८: पीडितहरूको लैङ्गिक तथ्यांक**



### तालिका ९: काठमाडौं भित्र र बाहिरका पीडितको तथ्यांक




अध्ययनमा सामेल भएका ७१ प्रतिशत मुद्दामा पीडित काठमाण्डौ बाहिरका रहेका छन् ।

वैदेशिक रोजगार व्यवसायमा पुरूषहरूको वर्चश्व रहेको भए पनि विस्तारै यस क्षेत्रमा महिलाहरूको उपस्थितिमा पनि वृद्धि हुँदै गएको पाईन्छ । विशेष गरी महिला कामदारहरूलाई विश्वासमा लिन र उनीहरूलाई आकर्षित गर्न पनि वैदेशिक रोजगारीका विभिन्न चरणहरूमा महिलाहरूलाई प्रयोग गरिएको पाईन्छ । यसले गर्दा पीडक महिलाहरूको संख्यामा पनि वृद्धि हुँदैगएको देखिन्छ ।

### तालिका १०: पीडकहरूको लैगिंक तथ्यांक




यस अध्ययनका लागि संकलन गरिएका कूल ११९ मुद्दाहरूका प्रतिवादीहरूमध्ये महिलाहरूको संख्या १९ रहेको छ अर्थात् आरोपित पीडक महिला १६ प्रतिशत रहेको देखिन्छ । यी सबै महिला प्रतिवादीहरु प्रत्यक्ष रूपमा नभएर परोक्ष रूपमा

मात्रै वैदेशिक रोजगारीको लागि मानिस विदेश पठाउने कार्यमा संलग्न रहेका छन्, तथा उनीहरूले सहयोगीको भूमिका मात्रै निर्वाह गरेको छन् । महिला नै मुख्य पिडकको रूपमा देखिएको मुद्दामा समेत उनीहरूले आफूले सहयोगीको कार्य मात्रै गरेको तथा आफ्ना श्रीमान र आफन्तले गरेको व्यवहारमा आफूलाई जर्वजस्ती वैदेशिक रोजगारीको कागज गराई प्रतिवादी बनाइएको भनी वयान गरेको छन् ।

### तालिका ११: जाहेरी दर्ता




अध्ययनमा समेटिएकामध्ये १०२ मुद्दाहरूमा पीडितले आफै जाहेरी दिएका छन् भने १७ वटा मुद्दाहरूमा पीडितबाहेक अन्य व्यक्तिले जाहेरी दर्ता गरेको देखिन्छ । अधिकांश जाहेरी ९४% व्यक्तिका विरूद्ध गरिएका छन् भने ३ प्रतिशत जाहेरी मात्र वैदेशिक रोजगारसँग सम्बन्धित संस्थाविरूद्ध परेका थिए भने ३ प्रतिशत उजुरी संस्था तथा व्यक्ति दुवैका विरूद्धका गरिएको थियो । तथ्यांकबाट वैदेशिक रोजगारीमा जानका लागि संस्थाभन्दा पनि दलाल (एजेन्ट) हरूको प्रयोग बढि हुने गरेको देखिन्छ वा संस्था आफू बच्न एजेन्टको प्रयोग गर्ने गरेको देखिएको छ । यस्तो गैरकानुनी प्रक्रियाको कारण वैदेशिक रोजगारमा जाने व्यक्तिहरु ठगिएको र शोषणमा परेको यस अध्ययनबाट देखिएको छ । व्यवसायिक उत्तरदायित्व नहुँदा तथा दलालहरूलाई जिम्मेवार बनाउन नसक्दा समेत यस क्षेत्रमा जोखिम बढेको देखिन्छ । एजेन्टले गर्ने काम कारवाहीलाई जिम्मेवार र जवाफदेही बनाउने ऐन कानूनको अभावमा पीडितहरूले न्यायबाट वन्चित हुनु परेको छ । संस्थाबाट जाँदा कम रकमको

कारोवार भएको तथा व्यक्तिविरूद्ध परेका उजुरीमा बढी रकमको कारोवार भएको देखिन्छ ।[१०]

**तालिका १२: वैदेशिक रोजगारका लागि इजाजत लिएको /नलिएको**




कानुनले वैदेशिक रोजगार व्यवसाय संचालनको लागि वैदेशिक रोजगारदाता कम्पनी र एजेण्टहरू समेतले पनि अनिवार्य ईजाजत पत्र लिनुपर्ने व्यवस्था (वैदेशिक रोजगार ऐन, २०६४, दफा ११) ले गरेको भएता पनि प्रायश: वैदेशिक रोजगारीमा ठगीका कार्यहरू त्यस्तो ईजाजत नलिएका व्यक्तिहरूबाट बढि भएको देखिएको छ । यस अध्ययन अर्न्तगत समेटिएका वैदेशिक रोजगार न्यायाधिकरणका ११९ वटा मुद्दाहरूमध्ये ९९ प्रतिशत मुद्दाहरूमा वैदेशिक रोजगारमा पठाउन इजाजत नलिएको देखिन्छ । यसले वैदेशिक रोजगारीमा गैरकानुनी प्रक्रिया हावी रहेको भयावह स्थितिको चित्रण गर्दछ । जसले गर्दा मानव बेचबिखन तथा ओसारपसार लगायत अन्य जोखिमहरूलाई प्रश्रय मिलिरहेको छ । अध्ययनमा समावेश गरिएका मुद्दाहरूमध्ये एउटा मुद्दामा मात्र सरकारद्वारा अनुमति प्रदान नगरिएको देशमा वैदेशिक रोजगारका लागि पठाउन लागेको देखिन्छ । बाँकी सबै मुद्दाहरूमा वैदेशिक रोजगारीको लागि खुला गरिएको मुलुकमा कामदार पठाउने भनिएको वा पठाईएको छ ।

१०. सरोकारवालासँगको अन्तर्वार्ताबाट

**तालिका १३: विदेश जाने क्रममा रहेका/विदेश गएर फर्किएका पीडितहरूको संख्या**




गैरकानुनी प्रक्रियाबाट वैदेशिक रोजगारमा जाने वा जान चाहनेहरूमध्ये अधिकांश व्यक्तिहरु स्वदेशमा नै ठगिएका हुन्छन् भने केही विदेश गईसके पश्चात् विदेशी भूमिमा ठगिएका हुन्छन् । यस अध्ययनमा समावेश गरिएका मुद्दाहरूमध्ये ८४ प्रतिशत मुद्दाहरु पीडितहरूबाट रकम लिएर वैदेशिक रोजगारमा पठाईदिन्छु भनी नपठाएको हुनाले वैदेशिक रोजगार ऐनको दफा ४३ अन्तर्गतको दावी लिइएको छ, जसमा उजुरीकर्ताहरु विदेशी भूमिमा जाने प्रक्रियामा नै ठगिएको देखिन्छ । १५ प्रतिशत मुद्दाहरूमा उजुरीकर्ता विदेश पुगेर फर्किएको देखिन्छ । त्यसैगरी १ प्रतिशत मुद्दामा पीडित विदेशकै जेलमा थुनामा रहेको देखिन्छ । यस अध्ययनबाट विदेशमा कामदारलाई शोषण हुने अवस्थामा पुर्‍याउने आधार स्वदेशमै तयार हुने गरेको, नेपाली कामदारले विदेश जानु अघि नै कैयन समस्या भोग्नु परेको, उनीहरु माथि जालसाजी गरिने कामको शर्तको बारेमा गलत जानकारी दिने, बढी शुल्क लिने, विदेश पठाउन ढिला गर्ने वा पठाउँदै नपठाउने जस्ता अन्यायको शिकार बनाइएको पाईयो । यसरी चर्को ब्याजदरमा काढेको ऋण रकम डुब्न जाँदा कामदारहरूको अवस्था अझ दयनीय बनेको अध्ययनबाट देखिएको छ ।

**तालिका १४: कामको प्रकृति र पारिश्रमिकवारे अधिकांश कामदार अनभिज्ञ**







वैदेशिक रोजगारमा जाने कामदारहरूलाई रोजगारका सेवा, शर्त तथा पारिश्रमिकको सम्बन्धमा कामदार पठाउने संस्था र कामदारबीच करार गर्नु पर्ने, सो करारको भाषा नेपाली हुनुपर्ने, जसमा कामदारको हस्ताक्षर अनिवार्य हुनुपर्ने साथै अभिमुखिकरण तालिम दिनु पर्ने व्यवस्था गरिएको छ । तर गैरकानुनी ढंगबाट वैदेशिक रोजगारमा जाने व्यक्तिहरूलाई यससम्बन्धी कुनै जानकारी रहेको हुँदैन जसले गर्दा उनिहरु थप शोषणमा परेका छन् । अध्ययनबाट केवल ३ प्रतिशत कामदारहरूलाई मात्र विदेशमा आफूले गर्नुपर्ने कामको बारेमा जानकारी भएको बाँकी ९७ प्रतिशत आफूले गर्नुपर्ने कामबारे अनभिज्ञ रहेको, ९२ प्रतिशत आफूले प्राप्त गर्ने तलबबारे अनभिज्ञ रहेको देखिन्छ । यसबाट वैदेशिक रोजगारीमा जान चाहने कामदारहरूले प्रारम्भिक जानकारी र सूचना केही पनि पाउन नसकेको देखिन्छ ।

**तालिका १५: आशिंक स्वीकारोक्ति / साविति/इन्कारी**







वैदेशिक रोजगार विभागमा र वैदेशिक रोजगार न्यायाधिकरणमा गरिएका मुद्दाहरूमा आरोपित व्यक्तिहरूले आफूमाथि लगाइएको अभियोग सम्बन्धमा गरेको आशिंक स्वीकारोक्ति/ साविति/इन्कारीको तुलना गर्दा वैदेशिक रोजगार विभागमा २७ प्रतिशत अभियुक्तले कसुर स्वीकार गरेकोमा (साविती) अभियुक्तहरूले वैदेशिक रोजगार न्यायधिकरणमा ७६ प्रतिशतले आफ्नो कसुरलाई इन्कारी गरेको देखिन्छ तथापि अभियुक्तको साविती वा इन्कारी वयानको विषयमा थप गहिरिएर अनुसन्धान नभएको पाइयो । न्यायाधिकरणबाट पीडित कामदारले बुझाएका कागजपत्र र पक्षहरूको वयानलाई नै आधार मानेर फैसला गरेको पाईन्छ । अर्थात् समस्याको गहिराईसम्म नपुगी सतही अनुसन्धानको आधारमा फैसला हुने गरेको अध्ययनबाट देखिन्छ । तसर्थ विशुद्ध लेनदेन वा आर्थिक कारोवार, ठगीका विषय समेत वैदेशिक न्यायधिकरणबाट हेरिंदा वास्तविक पीडित कामदारहरूको समस्या ओझेलमा परेको देखिन्छ ।

### तालिका १६: थुनछेक




यस तथ्यांकले थुनछेकको क्रममा, ६३ प्रतिशत मुद्दाहरूमा अभियुक्तलाई धरौटीमा छोडी मुद्दाको कार्वाही अघि बढाएको पाइन्छ भने १८ प्रतिशत मुद्दाहरूमा अभियुक्तलाई थुनामा राखेको देखिन्छ । त्यसैगरि २ प्रतिशत मुद्दाहरूमा पीडक फरार रहेको देखिन्छ । अधिकांश अभियुक्तलाई धरौटीमा छोडिएको कारणले गर्दा सजाय पाएका अभियुक्तहरूको सन्दर्भमा फैसला कार्यान्वयन गर्ने कार्य चुनौतीपूर्ण रहेको छ । न्यायाधिकरणको फैसला पूर्ण कार्यान्वयन नभएसम्म पीडितले न्यायको अनुभूति गर्न सक्दैनन् । न्यायाधिकरणबाट भएका फैसलाहरूको १० प्रतिशत मात्र कार्यान्वयन हुने गरेको छ ।[११]

### तालिका १७: सरकारी वकिलको उपस्थिति




११. फैसला कार्यान्वयन निकायका अधिकारीसँगको कुराकानी

मुद्दाको पूर्पक्षका क्रममा (फैसला हुँदाको बखत) सरकारी वकिलको उपस्थिति शतप्रतिशत मुद्दाहरूमा हुनुपर्ने भएता पनि ६७ प्रतिशत मुद्दाहरूमा मात्र सरकारी वकिलको उपस्थिति रहेको देखिन्छ । वैदेशिक रोजगारसम्बन्धी मुद्दा सरकारवादी भएता पनि सम्पूर्ण मुद्दाहरूमा सरकारी वकिलको उपस्थिति भने रहेको पाइँदैन । सरकारद्वारा कानुनी सहायता ऐनको समेत तर्जुमा गरी विपन्न वर्गका पीडित व्यक्तिहरूलाई कानुनी सहायता उपलब्ध गराउने व्यवस्था गरेको भएता पनि वैदेशिक रोजगार न्यायधिकरणमा चलेका मुद्दाहरूमा पीडितहरूको तर्फबाट वैतनिक वकिल तथा कानुनी सहायता प्रदान गर्ने कानुन व्यवसायीहरूको उपस्थिति रहेको पाइँदैन । यसबाट पीडितहरूको उचित प्रतिनिधित्व सबै मुद्दामा हुँदैन भन्ने देखिएको छ ।

**तालिका १८: निर्णय**




**तालिका १९: ठहर भएको मुद्दामा कैद**




यस तथ्यांकले ८० प्रतिशत मुद्दाहरूमा ठहर फैसला भएको (अभियुक्तले सजाय पाएको) र २० प्रतिशत मुद्दाहरूमा अभियुक्तले सफाई पाएको देखिन्छ भने ठहर भएका मुद्दामध्ये ९१ प्रतिशत मुद्दाहरूमा कैद सजाय भएको देखिन्छ । उक्त फैसलाहरू हेर्दा न्यूनतम जरिवाना १५०,००० (एक लाख पचास हजार) देखि अधिकतम ४,००, ००० (चार लाख रूपैंयासम्म) र अधिकांश मुद्दाहरूमा १.५ वर्ष कैद भएको देखिन्छ । न्यायधिकरणमा दर्ता भएको मुद्दाको ठूलो प्रतिशतमा उजुरीकर्ताको पक्षमा फैसला भएको छ । न्यायाधिकरणमा दर्ता हुने सबैजसो मुद्दा वैदेशिक रोजगार ऐनको दफा १० मा गरिएको व्यावस्था विपरित अनुमति

विना वैदेशिक रोजगार व्यवसाय संचालन गरेको हुँदा दफा ४३ अनुसार सजाय गरी पाउँ भनी दावी लिइएका मुद्दाहरु छन् जसमा एजेन्टले पैसा लिएर काममा पठाईदिन्छु भनी नपठाएको अपराधसँग सम्बन्धित उजुरीहरू रहेका छन् ।

**तालिका २०: वैदेशिक रोजगारका लागि जान चाहेका/गएका देशहरू**



उपरोक्त तालिकाले अध्ययनका लागि संकलन गरिएका मुद्दाहरूमध्ये सबभन्दा बढि कामदारहरु वैदेशिक रोजगारका लागि क्रमशः अफगानिस्तान, दुबई, अमेरिकाजस्ता राष्ट्रहरूमा जान चाहेको देखिन्छ । यसबाट वैदेशिक रोजगारीमा जान चाहने नेपालीहरूको पहिलो गन्तव्य क्षेत्र खाडी मुलुक रहेको देखिन्छ ।

मानव बेचबिखनको स्वरूपमा समय सँगसँगै परिवर्तन आएको छ । यसलाई पछिल्लो समयमा वैदेशिक रोजगारीले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा वृद्धि गर्न सहयोग पुऱ्याएको छ । वैदेशिक रोजगारीका क्रममा महिलाहरूले विभिन्न समस्या र हिंसाहरु व्यहोर्नु पर्ने यथार्थता रहेको छ जसमध्ये अत्याधिक कार्य बोझ, अपर्याप्त खाना, स्वास्थ्य तथा उपचारको अभाव, सुरक्षा गृहको कमि, विदाहरु नदिने रहेका छन् । यसको साथै उनिहरु यौन शोषण लगायतका अन्य विभिन्न शोषणको पनि शिकार हुने गरेका छन् जसको कारण उनिहरु अनइच्छित गर्भ धारण गर्न बाध्य छन् । वैदेशिक रोजगारीलाई कानुनले व्यवस्थित गरेको छ भने मानव बेचबिखनलाई एक गम्भिर अपराध मानिन्छ । तसर्थ अपराधीहरूले कानूनी संरक्षणभित्र रहेर यो अपराध गर्न प्रयास गरेको पाइन्छ । तसर्थ सरकारबाट यो अपराधलाई नियन्त्रण गर्न चालेको कदमको बावजुद मानव बेचबिखनका घटनाहरु वृद्धि भएको पाइन्छ । तसर्थ प्रस्तुत अध्ययनमा देखिएका केही प्रतिनिधि फैसलाहरूको यहाँ चर्चा गरिएको छ ।

## ५.२ वैदेशिक रोजगारीसम्बन्धी फैसलाले देखाएका चुनौतीहरु

### वैदेशिक रोजगारीको नाममा मानव तस्करी

अध्ययनमा सामेल भएका मुद्दाहरु मध्ये १४ वटा मुद्दाहरूमा वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकहरूमा पठाउने भनि पीडितहरूसँग अधिकतम रकम लिई विभिन्न नाकाहरूको प्रयोग गरि गन्तव्य मुलुकसम्म नपुऱ्याई अलपत्र पारिएका, नक्कली भिसाका कारण गन्तव्य मुलुकको एयरपोर्टबाट पक्राउ गरी जेलमा राखिएका, तेस्रो मुलुकसम्म जान भारतको बाटो भएर जानुपर्छ भनी भारतको नयाँ दिल्ली, मुम्बईसम्म पुऱ्याई अलपत्र परिएका, त्यसैगरी मलेसिया, यू.ए.ई मा पुऱ्याई अलपत्र पारिएका जस्ता मानव तस्करीका परिभाषाभित्रका उजुरीहरूमा वैदेशिक रोजगार न्यायाधिकरणबाट फैसला भएका छन् । नेपालको सन्दर्भमा मानव तस्करीसम्बन्धी स्पष्ट कानुनी व्यवस्थाको अभावमा यस्ता प्रकृतिका

कसुरहरूमा वैदेशिक रोजगार ऐन अन्तर्गत मात्र कारवाही भइरहेको यस अध्ययनवाट देखिन्छ । कसुरका प्रकृति, पीडकहरूले व्यहोर्नु पर्ने पीडा, जोखिम, आर्थिक लगानी आदि सम्पूर्ण दृष्टिले वैदेशिक रोजगारभन्दा गम्भिर प्रकृतिको यस्ता कसुरहरूमा संलग्न व्यक्तिहरूलाई सजायको दायरामा ल्याउन मानव तस्करीसम्बन्धी व्यवस्था अविलम्ब गर्नुपर्ने अपरिहार्यता यस अध्ययनबाट देखिन्छ ।

## मानव बेचबिखनको किटानी जाहेरी न्यायाधिकरणमा मात्र कारवाही चलाएको

एक मुद्दामा उजुरीकर्ताको आफन्तलाई वैदेशिक रोजगारीको लागि कतारमा लगि कतारबाट पुनः साउदी अरवमा लगि बिक्री गरिएको हुँदा वैदेशिक रोजगार ऐन, २०६४ र मानव बेचबिखन ऐनअन्तर्गत हदैसम्म सजाय गरि पाउँ भनी पीडितका आफन्तद्वारा किटानी जाहेरी दायर गरिएको मुद्दामा वैदेशिक रोगजार न्यायाधिकरणबाट मात्रै प्रतिवादीलाई सजाय गरेर फैसला भएको पाईन्छ । यसरी मानव बेचबिखन गरेको भनी परेको किटानी उजुरी थप अनसन्धानको लागि पठाएको वा यस सम्बन्धमा नियमित अदालतमा मुद्दा चलाउन सिफारिस गरिएको पाइएन । यसरी मुद्दाहरु सिफारिस हुन नसक्नुको पछि के कारण हुन सक्दछ भनी सोधिएको प्रश्नको जवाफमा वैदेशिक रोजगार विभागका अधिकृतले यससम्बन्धी जानकारीको अभाव वा द्विविधा नै कारक रहेको बताए ।[१२]

## तालिमको नाममा श्रम शोषण

अध्ययनमा सामेल एक मुद्दामा वैदेशिक रोजगारमा जानका लागि जनशक्ति तयार गर्ने वहानामा एक संस्थाले प्रतिव्यक्ति रू ५०,००० (पचास हजार) लिई केही समय तालिम दिएपश्चात् घरेलु कामदारको रूपमा लगाई श्रम शोषण समेत गरिएको पाइन्छ भने संस्थालाई अभियोगबाट सफाई दिएको अवस्था छ । वैदेशिक रोजगारमा जानका लागि अधिकतम रूपमा एजेण्टविरूद्ध मात्रै उजुरी पर्ने गरेको र संस्थाविरूद्ध दर्ता भएका नगन्य मुद्दाहरूमा समेत संस्था विरूद्ध कार्वाही नभएको देखिन्छ । अध्ययनका लागि संकलन गरिएका मुद्दाहरूमध्ये

---

१२. जाविर खानको जाहेरीले नेपाल सरकार (मुद्दा नं. २९/११७, नि.नं. ८)

३ प्रतिशत मुद्दाहरूमा मात्र संस्थाविरूद्ध कारवाही चलाइएको पाईन्छ । यसले न्यायाधिकरणमा संस्थाविरूद्ध कति प्रतिशत उजुरी पर्दछन भन्ने यकीन गर्न नसकिएता पनि कूल उजुरीमध्ये ज्यादै थोरै मात्र संथा विरूद्धका उजुरी परेको देखिन्छ ।

## शैक्षिक परामर्शमार्फत वैदेशिक रोजगारी

Abroad Study Link Pvt. Limited नामक कन्सलटेन्सी मार्फत वैदेशिक रोजगारीका लागि विभिन्न राष्ट्रहरूमा पठाउनका लागि विभिन्न नाकाहरूको प्रयोग गरि गन्तव्य मुलुकहरूसम्म नपुऱ्याई बीच बाटोमा नै अलपत्र पारेको र पीडितहरूसँग तुलनात्मक रूपमा बढि रकम लिई ठगि गरेको देखिन्छ ।[१३] यसरी Educational Consultancy को नाममा पनि वैदेशिक रोजगारमा पठाई व्यक्तिहरूलाई अलपत्र पारिएको स्थिति रहेको छ । यसरी Educational Consultancy भनी दर्ता गरेका संस्थाहरूले समेत अप्रत्यक्ष रूममा वैदेशिक रोजगारीका लागि कामदार पठाउने गरेको अध्ययनबाट देखिन्छ ।

## संस्थालाई सफाई /व्यक्तिलाई सजाय

वैदेशिक रोजगारका लागि दुबई पठाउने आश्वासन दिई ७० कामदारसँग जम्मा ७८ लाख लिई दुबई नपठाई राहदानी समेत फिर्ता नदिएको भनि संस्था समेत विरूद्ध उजुरी परेको एक मुद्दामा केवल व्यक्तिलाई मात्र जिम्मेवार बनाई सजायसमेत भएको तर संथालाई सजायबाट उन्मुक्ति दिइएको छ । यसरी संस्थाविरूद्ध परेको नगन्य उजुरीहरूमा समेत संस्था जिम्मेवार ठहर नहुनुको पछाडि अनुसन्धानमा भएको फितलोपन र संस्थाको पहुँच प्रभावको कारण उन्मुक्ति पाएको हुन सक्दछ ।

## विना दर्ता व्यवसाय संचालन

वैदेशिक रोजगारका लागि नर्वे लगिदिन्छु भन्दै तीन महिनासम्म नयाँ दिल्लीमा अलपत्र पारिएका दुई युवाहरूले कम्पनीविरूद्ध उजुरी गरेकोमा उक्त मुद्दाको

१३. मंगल बहादुर लामा समेतको जाहेरीले नेपाल सरकार वि. Abroad Study Link Pvt. Ltd. का संचालक सुभाष ढुंगाना समेत (मुद्दा नं. १६६/२४२, नि.नं. ९५)

अनुसन्धानबाट संस्था नै दर्ता नभएको पाइयो ।[१४] यसरी वैदेशिक रोजगारमा पठाउने व्यक्ति तथा एजेन्टहरूले नक्कली संस्था वा कागजात प्रयोग गरि ठगी गरिरहेको पाइन्छ ।

## मानव बेचबिखन ऐन आकर्षित हुन सक्ने उजुरीहरू

नेपालको विद्यमान कानुनले मानव बेचबिखनलाई गम्भिर अपराधको रूपमा लिएको छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले अधिकतम २० वर्ष कैद र जरिवानाको व्यवस्था गरेको छ । साथै प्रमाणको भार पनि प्रतिवादीमा राखिएको छ । वैदेशिक रोजगार ऐनअन्तर्गत मुद्दा दायर गर्दा छोटो समयमा नै फैसला हुने, प्रक्रिया पनि सरल रहेको कारणले धेरै मुद्दाहरु वैदेशिक रोजगार विभागमा दर्ता हुने गरेका छन्, जसअन्तर्गत मानव बेचबिखनका मुद्दाहरु पनि रहेका छन् । कतिपय मुद्दाहरूमा पीडितलाई आफ्नो मुद्दा मानव बेचबिखन अन्तर्गत कार्वाही हुन्छ भनेर थाहा नै छैन भने कतिपय पीडितहरूले मानव बेचबिखन अन्तर्गत मुद्दा दर्ता गर्दा यौन शोषणमा संलग्न रहेको हुनुपर्छ भन्ने परम्परागत सोचले गर्दा पनि धेरै मुद्दाहरु वैदेशिक रोजगारअन्तर्गत दर्ता गर्ने गरेको पाइन्छ ।

न्याय सम्पादनका संयन्त्रहरूले पनि कतिपय मानव बेचबिखनका कानुन आकर्षित हुने मुद्दाहरूमा समेत अध्ययन तथा अनुसन्धान नगर्ने र लामो तथा झन्झटिलो प्रक्रिया र अन्तरदेशीय प्रमाणको संकलनजस्ता कारणहरूबाट बच्नका लागि वैदेशिक रोजगार कानुनलाई बढि प्रयोग गरेको पाइन्छ ।

१४. ख्याम नारायण कर्णेल समेतको जाहेरीले नेपाल सरकार बि. टेक बहादुर फगामी पुन (मुद्दा नं. १५०/३०५, नि.नं. ७४)

## समान प्रकृतिका घटनामा वैदेशिक रोजगार र मानव बेचबिखन तथा ओसारपसार अन्तर्गत कारवाही गरिएको अन्तर्विरोधी अभ्यासहरु

विदेशमा एउटा काममा भनी अर्को काममा लगाएको घटनाहरूमध्ये कुनै वैदेशिक रोजगार न्यायाधिकरण अन्तर्गत मुद्दाको कारवाही चली वैदेशिक रोजगारी ठगी ठहर भएको तर कुनै यस्ता प्रकृतिका मुद्दाहरु नियमित अदालत अन्तर्गत कारवाही चली मानव बेचबिखन तथा ओसारपसार ठहर भएको छ । श्रम शोषणलााई पनि मानव बेचबिखन अन्तर्गत कार्वाही गरिसकेको दृष्टान्त समेत हामीसँग रहेको छ । नेपाल सरकार विरूद्ध कमला रूम्बाको मुद्दामा मकवानपुर जिल्ला अदालतले तोकिएकोभन्दा फरक काममा लगाएको आधारमा नै श्रम शोषणलाई मानव बेचबिखन अन्तर्गत कार्वाही गरेको छ ।

### वैदेशिक रोजगारमा जाँदा भएको शोषणमा मानव बेचबिखन तथा ओसारपसारको कसूरअन्तर्गत सजाय[१५]

एस. एम. आर. माइती घरमा आएको अवस्थामा चिनजानको नाता समेत पर्ने कमला रूम्वाले वहराइन मुलुकमा वैदेशिक रोजगारीको लागि पठाई दिन्छु भनी प्रलोभनमा पारी वहाराइन पठाइन् । त्यहाँ कमला रूम्वाको साथी सुनिता मोक्तान र अर्का वहराइन नागरिक जाफर भन्ने व्यक्तिको सहयोगमा काम गर्न भनी तोकिएको ठाउँमा एस.एम. आर. लाई पुर्‍याइयो । जुन कामको लागि भनी प्रतिवादीले विश्वासमा पारी पीडितलाई विदेश लगेका थिए, सो काममा नलगाई कुनै व्यक्तिको घरमा घरेलु श्रमिकको रूपमा अत्यन्तै निकृष्ट काममा लगाई श्रम शोषण गरियो, घर मालिक तथा निजका छोराहरु समेतले यौन शोषण गर्दथे । सबै पिडा सहेर २ महिनासम्म काम गर्दा पनि तलब नदिएपछि साहुलाई सोध्दा सुनिता मेडमले लगिन भनी जवाफ दिए । त्यसपछि सुनिताले मलाई अर्को ठाउँमा काम गर्न लगाई दिइन् । त्यहाँ पनि तलब जति सुनिताहरूले लिएर खर्च गर्दथे । त्यहाँ ५ महिनासम्म काम गर्दा साहुले तलब नदिने र साहुले धेरैपटक यौन शोषण समेत गरे । यति हुँदा समेत एस.एम.आर.ले कतै रिपोर्ट गर्ने र फोन गर्ने मौका समेत पाईनन । यसै क्रममा सुनिता र कमलाले निजलाई काम गर्न अर्कै ठाउँमा पठाए । त्यस ठाउँमा पनि धेरैपटक यौन शोषण गरियो । तलव जति सुनिता र कमलाले खाने रहेछन् । उनलाई पछिल्लोपटक काम

१५. नेपाल सरकार विरूद्ध सीताराम थिङ्ग

गर्न भनी राखिएको घरको मालिक्नीले केही माया गर्थिन । निजले प्लेनको टिकट गरी दिएकोले नेपाल आउन सकेको हुँदा नेपाल आई कमला रूम्वा समेत विरूद्ध मानव बेचबिखनको अपराधमा जाहेरी दिई सो मुद्दामा एस.एम. आर. लाई वैदेशिक रोजगारीको लागि भनी पीडितको सहमतिमा नै निजलाई विदेश लगिएको भएता पनि विदेशमा निज उपर भएको अन्यायमा मानव बेचबिखनका तत्वहरु Recruitment, Transportation, Transfer, Harbouring, Receipt of Person and Exploitation विधमान रहेको भनी अभियुक्तहरुलाई मकवानपुर जिल्ला अदालतका तत्कालीन न्यायधीश श्री टेक नारायण कुवंरको इजलासले मानव बेचबिखन अपराधमा सजाय गरिएको छ ।

तर, वैदेशिक राजगारी न्यायाधिकरणबाट भएका फैसलाहरु अध्ययन गर्दा माथि उल्लेखित फैसलामा ठहर भएजस्तै कतिपय मुद्दामा मानव बेचबिखन तथा ओसारपसार अन्तर्गत कारवाही चल्ने अवस्था विद्यमान हुँदा हुँदै पनि वैदेशिक रोजगार ऐनअन्तर्गत मात्र कारवाही चलाएको देखिन्छ ।

## पिज्जा हटमा काम लगाउने भनी भेडा तथा ऊँट गोठाला

नरेश तामाङ्गसँग १,१०,००० (एक लाख दशहजार) लिई कुवेतको पापा जोनपिज्जा हट नाम गरेको रेस्टुरेन्टमा काम लगाई दिन्छु भनि कुवेत पठाएको तर त्यहाँ भनेको काम नदिई निजलाई विकट ठाउँमा भेडा तथा ऊँट गोठालाको काम लगाए । नरेशका नेपालस्थित आफन्त बाबु राम लिम्बुले नरेशलाई विदेश पठाउन संलग्न भुपाल याक्खाविरूद्ध वैदेशिक रोजगार ऐन बमोजिम कार्वाहीको लागि वैदेशिक रोजगार विभागमा उजुरी गरे ।[१६] यस मुद्दालाई पनि वैदेशिक रोजगार अन्तर्गतको ठगीमा कार्वाही चलाइएको छ जबकि यस मुद्दामा मानव बेचखिनको प्रवल सम्भावना रहेको छ ।

## ड्राइभर पदमा भनी लगेर घरेलु कामदार

पहलमान वोहराले पीडित रामु चौधरीबाट नगद रकम लिई निजलाई विना कुनै ईजाजत पत्र,व्यक्तिगत श्रम स्वीकृति निकाली वैदेशिक रोजगारमा कुवेतस्थित फाद सालन कम्पनीमा ड्राइभर पदमा पठाए । साथै सो काम वापत उनले ८० पम पाउने र खान बस्न नि:शुल्क हुने कुरा बताए, तर

१६. बाबुराम लिम्बुको जाहेरीले नेपाल सरकार (मुद्दा नं. ७१/१४३, नि.नं १२२)

त्यहाँ पुगेपछि घरेलु काम पानी भर्ने र सरसफाई काममा लगाई उनको शोषण गरियो र भने अनुसारको तलबसमेत नदिएको भन्दै पीडित रामु चौधरीले प्रतिवादी पहलमान बोहरा विरूद्ध २०६७ मा जाहेरी दिएका थिए ।

## विदेशमा एउटा काममा भनी अर्को काममा लगाएको

धनप्रसाद धिमाल र प्रमोद गौतमलाई यु.ए.ई. मा वैदेशिक रोजगारमा पठाएको तर त्यहाँ भने बमोजिमको काम नदिएकोले फर्कि आई पीडितहरूले लक्ष्मण सापकोटाविरूद्ध न्यायधिकरण समक्ष जाहेरी दर्खास्त दिएका थिए ।[१७]
यस्तै अन्य मुद्दाहरूमा पनि एउटा काममा लगाईदिन्छु भनि उक्त मुलुकहरूमा लगेपछि पीडितहरूलाई भने अनुसारको काम र पारिश्रमिक नदिएको भन्दै न्यायधिकरण समक्ष उजुरीहरु दर्ता भएका छन् । सो मुद्दाहरूमा मुद्दा ठहर भई पीडकलाई सजाय र कैद भएको स्थिति रहेको छ । हालको मानव बेचबिखन तथा ओसारपसार ऐनले श्रम शोषणलाई समेत मानव बेचबिखन तथा ओसारपसार ऐनको परिभाषाभित्र समेटी सजायको व्यवस्था गरेको छ । उक्त मुद्दाहरूलाई मानव बेचबिखन तथा ओसारपसार ऐनभित्र समेत कार्वाही गर्न सकिने भएता पनि दुवैतर्फ मुद्दा चलाइएको पाइँदैन ।

## विदेशमा अलपत्र पारिएको

न्यायाधिकरणको २०६८ सालको मुद्दा नं २१२ मा प्रतिवादी वुनु तामाङ्गले वादी विष्णु माया तामाङ्गसँग सिङ्गापुर पठाईदिन्छु भनेर रकम लिई निजलाई विना कुनै ईजाजत पत्र, श्रम स्वीकृति, भिजिट भिसामा सिङ्गापुर पुऱ्याएको देखिन्छ । वुनु तामाङ्गले वैदेशिक रोजगारमा पठाउँदा आवश्यक पर्ने श्रम स्वीकृति पनि नलिईकन र अन्य केही कागजातहरु पनि संलग्न नगरि सिङ्गापुर पठाएकोले यो कार्य स्वंय वैदेशिक रोजगार अन्तर्गत रहन सक्दैन । वादी विष्णुमाया तामाङ्ग सिङ्गापुर पुगेर अलपत्र भएर खान बस्न नपाएको अवस्था छ, जसको कारण निज मानव तस्करी र मानव बेचबिखनमा पर्ने प्रवल सम्भावना देखिन्छ, तर न्यायधिकरणले यस मुद्दालाई वैदेशिक रोजगारको ठगीमा मात्र मुद्दा चलाएर मानव बेचबिखनको सम्भावना पूरै इन्कार गरेको छ, जसको कारण वैदेशिक रोजगारीको नाममा मानव बेचबिखन अझ वृद्धि भइरहेको अवस्था छ ।[१८]

---

१७. धन प्रसाद धिमालको जाहेरीले नेपाल सरकार विरूद्ध लक्ष्मण सापकोटा (मुद्दा नं २५९, नि. नं ९२)

१८. विष्णु माया तामाङ्गको जाहेरी नेपाल सरकार विरूद्ध वुनु तामाङ्ग (मुद्दा नं २१२, नि. नं १०२)

परिच्छेद ६

# निष्कर्ष तथा सुझावहरू

- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को मानव बेचबिखन तथा ओसारपसारको परिभाषालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसार बनाउनु पर्ने । यसको साथै ऐनमा विद्यमान रहेको अस्पष्टतालाई पनि हटाउन आवश्यक रहेको छ । ऐनको परिभाषालाई विस्तारित गर्दा UN Palermo Protocol to Prevent, Suppress and Punish Trafficking in Persons, especially Women and Children को आधार लिनु पर्ने ।
- अहिले पनि यौन शोषण मात्र मानव बेचबिखन हो भन्ने परम्परागत सोचाई विद्यमान रहेकोले कानुन कार्यान्वयन निकायका पदाधिकारीहरूलाई मानव बेचबिखन र वैदेशिक रोजगारबीचको अर्न्तसम्बन्धका बारेमा स्पष्ट पार्ने खालका तालिम आयोजना गर्नु पर्ने ।
- मानव बेचबिखनको तत्व विद्यमान रहेको वैदेशिक रोजगार सम्बन्धी कसुरहरूमा दुवै ऐन (मानव बेचबिखन तथा ओसारपसार र वैदेशिक रोजगार ऐन) अन्तर्गत कार्वाही चलाउन सकिने भन्ने सचिवस्तरमा भएको निर्णयको अविलम्ब पालना हुनु पर्ने ।
- मानव बेचबिखन तथा ओसारपसार, आप्रवासन र मानव तस्करीबीच अन्तर्सम्बन्ध छ । वैदेशिक रोजगारीमा जाँदा मानव तस्करी र बेचबिखन तथा ओसारपसारका थुप्रै अवस्थाहरु अध्ययनका क्रममा देखिएको छ । राष्ट्रिय जनगणना २०६८ को तथ्यांक हेर्दा नेपालभरिमा २,३७,४०० महिलाहरु परिवारमा अनुपस्थित रहेको देखिन्छ । जबकि औपचारिक प्रकृयाबाट वैदेशिक रोजगारीमा २०७०/७१ मा जाने महिलाको संख्या २९,१५४ रहेको छ । यसले महिलाहरूले वैदेशिक रोजगारीमा जानका लागि गैरकानुनी तरिका तथा नाकाहरूको प्रयोग गरेको देखिन्छ जसले गर्दा उनिहरु थप जोखिममा पर्ने प्रवल सम्भावना रहेको छ । तसर्थ आप्रवासनलाई कसरी

सुरक्षित बनाउने भन्ने तर्फ राज्यको ध्यान जानु जरूरी छ । स्वतन्त्रताको सम्मानसँगै सुरक्षित आप्रवासनको निमित्त निर्देशिका तथा सशक्तिकरण कार्यक्रमको पनि आवश्यकता रहेको छ । अर्कोतिर यस तथ्यांकबाट महिलाहरु मानव बेचबिखन तथा ओसारपसारमा पर्न सक्ने सम्भावना पनि देखाएको छ । यसको लागि महिलाहरूलाई आवश्यक तालिमका साथसाथै अन्य सहयोग प्रणालीहरूको पनि विकास गर्नुपर्छ र महिला कामदार जाने गन्तव्य मुलुकमा समस्यामा परेको बखतका लागि सम्पर्क गर्नका लागि राजदुतावास वा श्रम सहचारीको स्थापना आवश्यक देखिएको छ ।

- वैदेशिक रोजगारमा हुन सक्ने अपराधहरूको सन्दर्भमा न्यायको सुनिश्चितताका लागि उजुरी सुन्ने निकायको रूपमा निश्चित सामान्य प्रकृतिको मुद्दाको उजुरी वैदेशिक रोजगार विभागले नै सुन्ने तथा गम्भिर प्रकृतिको मुद्दामा भने वैदेशिक रोजगार न्यायाधिकरणमा जाने व्यवस्था गरेको छ । आप्रवासन तथा वैदेशिक रोजगारीमा जाने संख्या बढेसँगै उजुरीको संख्या पनि बढ्दो क्रममा छ । वैदेशिक रोजगार विभागको तीन वर्षको तथ्यांकलाई हेर्दा वैदेशिक रोजगार विभागमा दर्ता भएका मुद्दाहरु क्रमशः १२०४, २१७२ र २३०५ देखिन्छ भने न्यायाधिकरणमा जम्मा ९७, १९६ र १७८ मुद्दाहरु मात्र परेको देखिन्छ । यसले धेरै मुद्दाहरु विभागमा नै मिल्ने र विभागमा मिल्ने मुद्दाहरूमा थप अध्ययनको आवश्यकताको बोध गराएको छ । यसका पछाडि डर, धम्की र आर्थिक प्रलोभन जस्ता कारणहरु समेत रहेका छन् । तसर्थ पीडितहरूका न्यायको पहुँच स्थापित गर्नका लागि पीडित तथा साक्षीलाई उचित सुरक्षा तथा अन्य सहयोगहरु उपलब्ध गराउनु आवश्यक देखिएको छ ।

- वैदेशिक रोजगारका लागि जाने व्यक्तिहरूमा धेरैजसो काठमाण्डौ उपत्यका बाहिरका रहेका हुनाले यसका अधिकांश पीडितहरु पनि जिल्ला बाहिरकै रहेका छन् । वैदेशिक रोजगार विभाग र न्यायाधिकरण पनि काठमाण्डौमा मात्र सिमित रहनाले जिल्ला बाहिरका पीडितहरूलाई न्याय प्राप्त गर्न कठिन हुने अवस्था रहेकोले यसका कार्यालयहरूलाई जिल्लास्तरमा नभए पनि तत्काल क्षेत्रीयस्तरमा स्थापना गर्न आवश्यक रहेको छ ।

- विशुद्ध लेनदेन, आर्थिक कारोवारका विषयहरूलाई समेत वैदेशिक रोजगार ऐन अन्तर्गत मुद्दा चलाइने गरेको पाइन्छ जसले गर्दा वैदेशिक रोजगार न्यायाधिकरणमा मुद्दाको चाप बढ्नाले वास्तविक पीडितहरूले समयमा नै

न्याय पाउन नसकेको पाइन्छ । तसर्थ उजुर गरिएका मुद्दाहरू वैदेशिक रोजगारकै हो वा होइन भनि छुट्याउनु पर्दछ । छुट्याउने मापदण्डहरू तयार गर्न आवश्यक देखिन्छ ।

- आ. व. २०७०/७१ मा औपचारिक रूपमा वैदेशिक रोजगारीमा जाने महिलाहरू ६ प्रतिशत भए पनि यस अध्ययनमा सामेल मुद्दाहरूको १६ प्रतिशत महिला पीडित देखिएको हुँदा लैङ्गिक दृष्टिकोणबाट समस्यालाई हेर्न आवश्यक छ ।

- वैदेशिक रोजगारमा जाँदा मानव बेचबिखन तथा ओसारपसार हुन गएमा उक्त मुद्दा वैदेशिक रोजगार ऐन अन्तर्गत र मानव बेचबिखन अन्तर्गत समेत मुद्दा चलाउन सकिन्छ तर दक्ष जनशक्तिको अभावमा यस्तो हुन सकेको छैन । तसर्थ वैदेशिक रोजगार विभागमा भएका जनशक्तिलाई तालिम दिई यस्ता मुद्दाहरू पर्न आएको अवस्थामा सरकारी वकिलसँग समन्वय गरि प्रहरीमा सिफारिस गरेको खण्डमा त्यसको अभिलेख समेत राख्ने व्यवस्था गर्नुपर्दछ ।

- अध्ययनमा संलग्न अधिकांश मुद्दाहरू संस्थाभन्दा पनि व्यक्तिविरूद्ध रहेका छन् । नगन्य मुद्दाहरू मात्र संस्थाविरूद्ध रहेकोमा समेत संस्थाले सफाई पाएको अवस्था छ । एजेण्टको प्रयोगबाट भएको कारण संघसंस्थाले सफाई पाउने स्थिति समेत रहेको छ । तसर्थ निजि कम्पनी र एजेण्टहरूलाई उनिहरूका कामप्रति जवाफदेहि बनाउन कानुनी व्यवस्था गर्न जरूरी छ ।

- वैदेशिक रोजगारमा दर्ता भएका मुद्दाहरूमध्ये मुद्दा फिर्ता लिने संख्या पनि statistically significant रहेको छ । मुद्दाहरू के कसरी फिर्ता लिइएको छ भनेर हेर्नको लागि पनि अध्ययन गर्न आवश्यक रहेको छ । वैदेशिक रोजगारमा जानका लागि गैरकानुनी संयन्त्रहरू र नाकाहरूको प्रयोग गरेको पाइन्छ । यस्ता नाका र संयन्त्रहरूलाई निरूत्साहित गरि कानुनी संयन्त्रहरूको विकास र अनुकुल वातावरणको सृजना गर्नु पर्छ ।

- वैदेशिक रोजगारमा जानका लागि दिइने तालिमको नाममा समेत शोषण गरेको अध्ययनले देखाउँछ । तसर्थ तालिम कसलाई दिने, तालिम प्राप्त गर्ने व्यक्तिको क्षमता कति हुनु पर्ने, तालिम दिने संस्थाले contract/sub contract गर्न पाउने वा नपाउने, तालिमको दौरान कुनै व्यक्तिलाई आफ्नो घरमा काम गर्न लगाउन पाउने वा नपाउने जस्ता कुराहरूलाई समेटेर छुट्टै निर्देशिकाको निर्माण गर्नु जरूरी छ ।

- प्रत्येक दिन १५०० देखि १८०० युवाहरु विदेशिने गरेका छन् र समस्या पनि सोही अनुपात रहेको छ । वैदेशिक रोजगार न्यायाधिकरणको हालको संरचनाले सम्पूर्ण समस्या समाधान गर्न सक्ने स्थिति एकातिर छैन भने अर्कोतिर त्यहाँ रहेका न्याय प्रदान गर्ने व्यक्तिहरु पनि वैदेशिक रोजगारको मुद्दामा पोख्त छैनन्, skillful human resource को अभाव छ । मुद्दालाई screening गरेर मानव बेचबिखन तथा ओसारपसार हो भने छुट्याएर सोही अनुसार कारवाही गर्नु पर्ने हुन्छ । तसर्थ न्यायाधिकरणको संरचनालाई फराकिलो पार्दै दक्ष जनशक्ति समेतको पदस्थापना गरिनु पर्छ ।
- वैदेशिक रोजगारमा जानको लागि समेत हाल student visa को प्रयोग गरिएको पाइन्छ । यसरी student visa मा जान चाहने व्यक्तिहरु Consultancy अथवा एजेन्टहरुबाट ठगिएको अवस्थामा न्याय प्राप्ति गर्न कठिनाई रहेको छ । तसर्थ यसलाई नियमन गर्ने कानुनको पनि आवश्यकता रहेको छ ।
- वैदेशिक रोजगार विभागको उजुरी तथा अनुसन्धान शाखामा कार्यरत अनुसन्धान अधिकृतहरुको कमि रहेको पाइन्छ जसले गर्दा मुद्दाको चाप भने निक्कै बढि रहेको छ । तसर्थ थप कर्मचारी नियुक्तितर्फ विभागको ध्यान जान नितान्त जरूरी छ । त्यसको साथै वैदेशिक रोजगार विभागमा उजुरी हुने मुद्दाहरु मानव बेचबिखन अन्तर्गत पर्छन् वा पर्दैनन् भनि छुट्याउने व्यक्ति वा विभागको पनि आवश्यकता रहेको छ । त्यस्तै अभिलेख प्रणालीलाई पनि सुदृढ गर्नु पर्छ ।
- वैदेशिक रोजगारमा जाने क्रममा व्यक्तिहरु गलत एजेण्ट र कम्पनीको शिकार हुन सक्ने संभावना हुनाले वैदेशिक रोजगारमा जानु अगावै उनिहरूलाई परामर्श दिनको लागि भरपर्दो परामर्श केन्द्रहरूको स्थापना गरिनु पर्छ ।
- वैदेशिक रोजगार विभागजस्तो न्याय प्रदान गर्ने निकायमा समेत व्यक्ति हेरेर व्यवहार गर्ने प्रचलन रहेको छ । तसर्थ पीडितहरूलाई न्याय र अन्य सहयोग उपलब्ध गराउनका लागि संस्थाहरूबीच समन्वय र सहकार्य हुनु जरूरी छ । त्यस्तै पीडितहरूलाई यस्ता संस्थाको बारेमा जानकारी दिनु पर्छ ।

- अध्ययनमा समावेश गरिएका मुद्दामध्ये ९९ प्रतिशत मुद्दाहरूमा इजाजत नलिई पठाइएको देखिन्छ । यसरी इजाजत नलिई वैदेशिक रोजगारमा जाँदा कामदारहरु थप जोखिममा पर्ने प्रबल सम्भावना रहेको हुन्छ । त्यसैले यसलाई कसरी नियमन गर्ने भन्ने तर्फ विभागको ध्यान जानु जरूरी छ ।
- अधिकांश मुद्दाहरूमा कामदारलाई के कामका लागि लग्न लागिएको हो र कति पारिश्रमिक पाइन्छ भन्ने समेत थाहा नभएको देखिन्छ । यसले गर्दा उनिहरु थप जोखिममा पर्न सक्ने प्रबल सम्भावना रहेको छ । यस तर्फ कामदारलाई कसरी जागरूक बनाउने भन्ने कुरामा पनि ध्यान दिनु पर्छ ।
- धरौटीमा छोडिएका कतिपय अभियुक्तहरु पछिसम्म फरार रहेका छन् । तसर्थ पीडितलाई कसरी क्षतिपूर्ति दिलाउने भन्ने सम्बन्धमा न्यायाधिकरणको ध्यान जानु आवश्यक रहेको छ ।
- मुद्दाको पूर्पक्षको क्रममा सरकारी वकिलको उपस्थिति ६७ प्रतिशत मात्र रहेको छ । सरकारी वकिलको उपस्थितिलाई कसरी शत प्रतिशत गर्ने भन्ने तर्फ पनि अदालतको ध्यान जानु आवश्यक रहेको छ ।
- विगो र हर्जाना भराउँदा प्रतिवादीको सम्पतिबाट नै भराउनु पर्ने हुँदा र साधारणतया धरौटी राख्दा अरूको जायजेथा दिने हुँदा क्षतिपूर्ति भराउन कठिन हुने भएकोले व्यक्तिको जायजेथाबाट नै भराउनु पर्ने । यी कारणहरूले गर्दा १० प्रतिशत मुद्दाहरूमा पनि फैसला कार्यान्वयन हुन सकेको छैन ।
- प्रतिवादीको विवरण नखुल्दा पनि उनिहरूलाई समाउन कठिन रहेको छ । तसर्थ प्रतिवादीको सकेसम्म बढि विवरण र फोटो सामेल गर्नु पर्ने ।
- वैदेशिक रोजगारीमा जाँदा बेचबिखन भएका केही मुद्दाहरु बेचबिखन अन्तर्गत कारवाही भएकोले सो को पनि छुट्टै अध्ययन हुन जरूरी छ ।

## अनुसूचि १

# अध्ययनमा संलग्न मुद्दाहरूको सूचि

१. २०६८ साल मुद्दा नं. ८९/१८६, नि.नं. २२, सिसन श्रेष्ठको जाहेरीले नेपाल सरकार विरूद्ध राजु तुलाधर
२. २०६८ साल मुद्दा नं. १६७/२९९, नि.नं. २०, यमबहादुर खाँडको जाहेरीले नेपाल सरकार विरूद्ध किसनसिंह विष्ट
३. २०६८ साल मुद्दा नं. ८३/२५२, नि.नं. १८, डबबहादुर गर्वुजा पुन मगरको जाहेरीले नेपाल सरकार विरूद्ध मदनसेन ठकुरी
४. २०६८ साल मुद्दा नं. २९०, नि.नं. ८७, कल्पना के.सी.को जाहेरीले नेपाल सरकार विरूद्ध मनिाल सिटौला श्रेष्ठ
५. २०६८ साल मुद्दा नं. ११७/२२६, नि.नं. ७५, पर्शुमान गुरूङ समेत जना ३ को जाहेरीले नेपाल सरकार विरूद्ध निर कुमार लिम्बु समेत जना २
६. २०६८ साल मुद्दा नं. १६४/२९६, नि.नं. ५२, टिका प्रसाद बास्तोलाको जाहेरीले नेपाल सरकार विरूद्ध जगतलाल श्रेष्ठ
७. २०६८ साल मुद्दा नं. १३४/२४८, नि.नं. ५१, संजिव कुमार चौधरी समेत जना ३ को जाहेरीले नेपाल सरकार विरूद्ध गुरूदत्त रिमाल भन्ने विनोद रिमाल समेत जना २
८. २०६८ साल मुद्दा नं. १४५/२६५, नि.नं. ५०, नवराज न्यौपानेको जाहेरीले नेपाल सरकार विरूद्ध रतनकुमार खड्का क्षेत्री समेत जना २
९. २०६८ साल मुद्दा नं. ९४/१११, नि.नं.४९, संजिव अमात्यको जाहेरीले नेपाल सरकार विरूद्ध गणेशमान बुढा
१०. २०६८ साल मुद्दा नं. १५५/२८७, नि.नं.४८, चन्द्र बहादुर थापाको जाहेरीले नेपाल सरकार विरूद्ध लक्ष्मण आचार्य
११. २०६८ साल मुद्दा नं. ११२/२२०, नि.नं. ४७, रमेश पाण्डेको जाहेरीले नेपाल सरकार विरूद्ध भवानी काफ्ले तुलाधर
१२. २०६८ साल मुद्दा नं. ९८/१९७, नि.नं. ४५, कालिदास भट्टराई समेत जना ३ को जाहेरीले नेपाल सरकार विरूद्ध रामकृष्ण राई

१३. २०६८ साल मुद्दा नं. १०७/२१३, नि.नं. ४४, हरिकृष्ण वैदार समेत जना २ को जाहेरीले नेपाल सरकार विरूद्ध रामगोपाल घिमिरे

१४. २०६८ साल मुद्दा नं. ३२/१३८, नि.नं. ४०, मुन्ना बस्नेतको जाहेरीले नेपाल सरकार विरूद्ध कुलमान क्षेत्री

१५. २०६८ साल मुद्दा नं. १४६/२६६, नि.नं. ३९, भिमबहादुर लिम्बु समेत जना ६ को जाहेरीले नेपाल सरकार विरूद्ध कमला खड्का

१६. २०६८ साल मुद्दा नं. १६२/२९४, नि.नं. २८, महेन्द्र खत्रीको जाहेरीले नेपाल सरकार विरूद्ध जीवन जीमी

१७. २०६८ साल मुद्दा नं. १४३/२६३, नि.नं. २७, देविन्द्रा खड्काको जाहेरीले नेपाल सरकार विरूद्ध दिनेश खड्का ।

१८. २०६८ साल मुद्दा नं. १५७/२८९, नि.नं.२६, सकुमणी थिङको जाहेरीले नेपाल सरकार विरूद्ध मिठु थापा मगर

१९. २०६८ साल मुद्दा नं. १२३/२३६, नि.नं. २५, गणेशसिंह विष्टको जाहेरीले नेपाल सरकार विरूद्ध सुवर्ण थापा

२०. २०६८ साल मुद्दा नं. ९२/१८९, नि.नं.२३, हर्कराम पुनको जाहेरीले नेपाल सरकार विरूद्ध जमुना पन्थ समेत जना ३

२१. २०६८ साल मुद्दा नं. ११८/२३०, नि.नं. १६, गणेश रम्तेल समेत जना ३ को जाहेरीले नेपाल सरकार विरूद्ध ताराविर बोहरा

२२. २०६८ साल मुद्दा नं. १७८/३११, नि.नं. १५, कुमार के.सी.को जाहेरीले नेपाल सरकार विरूद्ध रवि कर्ण

२३. २०६८ साल मुद्दा नं. १०१/२०३, नि.नं. १४, अनिता कार्कीको जाहेरीले नेपाल सरकार विरूद्ध चित्रकुमारी मगर समेत जना २

२४. २०६८ साल मुद्दा नं. ११६/२२५, नि.नं. ६, वेद प्रसाद प्रसाइको जाहेरीले नेपाल सरकार विरूद्ध रामचन्द्र ठाकुर

२५. २०६८ साल मुद्दा नं. ७६/२३७, नि.नं. ९८, बल बहादुर थापाको जाहेरीले नेपाल सरकार विरूद्ध तारा बहादुर गुरूङ समेत जना २

२६. २०६८ साल मुद्दा नं. २५२, नि.नं. ९६, संजयकुमार के.सी. समेत जना ४ को जाहेरीले नेपाल सरकार विरूद्ध लक्ष्मण कुमार वि.सी

२७. २०६८ साल मुद्दा नं. २११, नि.नं. ९४, हरिशंकर अवस्थी समेत जना २ को जाहेरीले नेपाल सरकार विरूद्ध टासि छिरिङ थापा समेत जना २

२८. २०६८ साल मुद्दा नं. १८१/२५९, नि.नं. ९१, मन बहादुर थापा क्षेत्रीको जाहेरीले नेपाल सरकार विरूद्ध विनोद न्यौपाने समेत जना २

२९. २०६८ साल मुद्दा नं. १४१/२१४, नि.नं. ९०, पारशमणी रोकाया समेत जना ८ को जाहेरीले नेपाल सरकार विरूद्ध दिपक कार्की

३०. २०६८ साल मुद्दा नं. १२५/२३८, नि.नं. ८३, बाबुराम शर्मा समेत जना २ को जाहेरीले नेपाल सरकार विरूद्ध मनप्रसाद लिम्बु

३१. २०६८ साल मुद्दा नं. १३५/२०५, नि.नं. ७३, तिर्थराज तुम्साको जाहेरीले नेपाल सरकार विरूद्ध लाल बहादुर शर्मा

३२. २०६८ साल मुद्दा नं. १५९/२९१, नि.नं. ५७, उमेश कुमार राई समेत जना २ को जाहेरीले नेपाल सरकार विरूद्ध पहलमान तामाङ

३३. २०६८ साल मुद्दा नं. १६१/२९३, नि.नं. ५४, मनिष भट्टराई समेत जना २ को जाहेरीले नेपाल सरकार विरूद्ध जगदीप न्यौपाने

३४. २०६८ साल मुद्दा नं. २५१, नि.नं. ९७, मिन बहादुर रोकायाको जाहेरीले नेपाल सरकार विरूद्ध रामकुमार शाह

३५. २०६८ साल मुद्दा नं. १६९/२४५, नि.नं. ९८, राजेन्द्र कुमार तामाङ समेत जना २ को जाहेरीले नेपाल सरकार विरूद्ध श्यामकुमार सुब्बा

३६. २०६८ साल मुद्दा नं. ३१०, नि.नं. १००, जीत बहादुर के.सी.को जाहेरीले नेपाल सरकार विरूद्ध तुल बहादुर पुन

३७. २०६८ साल मुद्दा नं. १७९/२५७, नि.नं. १०१, सुरज थापा समेत जना २ को जाहेरीले नेपाल सरकार विरूद्ध रोजीत श्रेष्ठ

३८. २०६८ साल मुद्दा नं. १७६/२५४, नि.नं. १०३, यामबहादुर राउतको जाहेरीले नेपाल सरकार विरूद्ध दानबहादुर शाही

३९. २०६८ साल मुद्दा नं. १८०/२५८, नि.नं. १०४, रमेश अधिकारी समेत जना ३ को जाहेरीले नेपाल सरकार विरूद्ध मोहन कंडेल

४०. २०६८ साल मुद्दा नं. २३४, नि.नं. १०६, झिनबहादुर बलीको जाहेरीले नेपाल सरकार विरूद्ध गणेश ज्ञवाली समेत जना २

४१. २०६८ साल मुद्दा नं. २२८, नि.नं. १०७, इन्द्र बहादुर गुरूङको जाहेरीले नेपाल सरकार विरूद्ध भिम बहादुर थिङ

४२. २०६८ साल मुद्दा नं. २६०, नि.नं. १०९, सुमित्रा श्रेष्ठको जाहेरीले नेपाल सरकार विरूद्ध गुनकेशरी चित्रकार

४३.	२०६८ साल मुद्दा नं. १३७/२५३, नि.नं. १०९, रेवन्त कुमार क्षेत्रीको जाहेरीले नेपाल सरकार विरूद्ध विभा कुमारी चौधरी

४४.	२०६८ साल मुद्दा नं. १९५, नि.नं. ११०, बिजु नेपालको जाहेरीले नेपाल सरकार विरूद्ध संदीपमान सिंह डंगोल

४५.	२०६८ साल मुद्दा नं. १९३, नि.नं. ११२, अमित कार्कीको जाहेरीले नेपाल सरकार विरूद्ध ओम पुन

४६.	२०६८ साल मुद्दा नं. १९८, नि.नं. ११४, रश्मी सिंहको जाहेरीले नेपाल सरकार विरूद्ध केशव पाख्रिन समेत जना ३

४७.	२०६८ साल मुद्दा नं. २६१, नि.नं. ११६, जितेन्द्र बस्नेतको जाहेरीले नेपाल सरकार विरूद्ध जोगमान तामाङ

४८.	२०६८ साल मुद्दा नं. २८५, नि.नं. ११९, सूर्या चौधरीको जाहेरीले नेपाल सरकार विरूद्ध रोमराज मल्ल

४९.	२०६८ साल मुद्दा नं. २२४, नि.नं. १२१, अशोक सुनुवार समेत जना ५ को जाहेरीले नेपाल सरकार विरूद्ध निलेश पाण्डे समेत जना ७

५०.	२०६८ साल मुद्दा नं. १९५/३२८, नि.नं. ६६, दावासिंह तामाङको जाहेरीले नेपाल सरकार विरूद्ध सविन थापा

५१.	२०६८ साल मुद्दा नं. १२०/२३२, नि.नं. १२३, श्यमकुमार यादव समेत जना ३५ को जाहेरीले नेपाल सरकार विरूद्ध दुर्गा कार्की

५२.	२०६७ साल मुद्दा नं. ३७/१५१, नि.नं. १४२, चक्तबहादुर बोहरा समेत जना ७० को जाहेरीले नेपाल सरकार विरूद्ध पर्वत कटुवाल समेत जना ५

५३.	२०६७ साल मुद्दा नं. १२९/१९८, नि.नं. ८२, ज्ञानेन्द्र बस्ने समेत जना ३ को जाहेरीले नेपाल सरकार विरूद्ध केशवराज ढकाल

५४.	२०६७ साल मुद्दा नं. २०७, नि.नं. ८५, संजिव खड्काको जाहेरीले नेपाल सरकार विरूद्ध केदार बोहरा

५५.	२०६७ साल मुद्दा नं. ३०/१२९, नि.नं. १३८, लक्ष्मण बोगटीको जाहेरीले नेपाल सरकार विरूद्ध राजश्री खतिवडा समेत जना २

५६.	२०६७ साल मुद्दा नं. १६३/२३९, नि.नं. ८६, आनन्दकुमा चौधरी समेत जना २ को जाहेरीले नेपाल सरकार विरूद्ध मोहम्मद मस्तकिम

५७.	२०६७ साल मुद्दा नं. २५/१००, नि.नं. ११०, सुमित्रा कुंवर (कटुवाल) को जाहेरीले नेपाल सरकार विरूद्ध गजेन्द्रबहादुर हमाल

५८. २०६७ साल मुद्दा नं. ५२/१७१, नि.नं. ७१, शकुन्तला थापा समेत जना २ को जाहेरीले नेपाल सरकार विरूद्ध मिना देवी सिगक

५९. २०६७ साल मुद्दा नं. २४२, नि.नं. ८४, सविन वलामीको जाहेरीले नेपाल सरकार विरूद्ध ज्ञानु गुरूङ

६०. २०६७ साल मुद्दा नं. २६०, नि.नं. ८८, दुर्गादत्त देवकोटाको जाहेरीले नेपाल सरकार विरूद्ध बल बहादुर बुढाथोकी

६१. २०६७ साल मुद्दा नं. २६/१०६, नि.नं. ९७, अनिल सुब्बाको जाहेरीले नेपाल सरकार विरूद्ध रमजान मोहम्मद अली

६२. २०६७ साल मुद्दा नं. ३६/७८, नि.नं. ८९, दिपेन्द्र पाठक समेत जना ३ को जाहेरीले नेपाल सरकार विरूद्ध भक्त बहादुर तामाङ

६३. २०६७ साल मुद्दा नं. १२३, नि.नं. १०८, बलराम थापामगर समेत जना ७ को जाहेरीले नेपाल सरकार विरूद्ध शिव पुन समेत जना २

६४. २०६७ साल मुद्दा नं. १०७/१७३, नि.नं. ८१, काशिलाल कोइरालाको जाहेरीले नेपाल सरकार विरूद्ध निर्मला खड्गी

६५. २०६७ साल मुद्दा नं. ८६/१४४, नि.नं. १२३, जंग बहादुर तामाङको जाहेरीले नेपाल सरकार विरूद्ध दिलिप कुमार इङ्नाम लिम्बु

६६. २०६७ साल मुद्दा नं. १२७/१९५, नि.नं. १२४, शान्त कुमार तामाङ्को जाहेरीले नेपाल सरकार विरूद्ध पुनम नेपाली

६७. २०६७ साल मुद्दा नं. ५९/१८२, नि.नं. १६३, सुरेशकुमार लामा समेत जना ६ को जाहेरीले नेपाल सरकार विरूद्ध जगदीश राई

६८. २०६७ साल मुद्दा नं. ४७/१६२, नि.नं. १३६, दाबा शेर्पाको जाहेरीले नेपाल सरकार विरूद्ध गुर्दा बहादुर राई समेत जना ३

६९. २०६७ साल मुद्दा नं. ६३/१३०, नि.नं. ७५, प्रेम बहादुर तामाङको जाहेरीले नेपाल सरकार विरूद्ध पदम बहादुर माझी समेत जना २

७०. २०६७ साल मुद्दा नं. ३५/१४८, नि.नं. ६८, गोमा पराजुली समेत जना ४ को जाहेरीले नेपाल सरकार विरूद्ध लालबहादुर भण्डारी समेत जना २

७१. २०६७ साल मुद्दा नं. ४६/१६०, नि.नं. ६३, दिनेशसिंह कुँवरको जाहेरीले नेपाल सरकार विरूद्ध श्याम शाही

७२. २०६७ साल मुद्दा नं. १८/६३, नि.नं. ६२, भुपल राईको जाहेरीले नेपाल सरकार विरूद्ध शान्तराज तामाङ

७३. २०६७ साल मुद्दा नं. ७१/२१८, नि.नं. ५६, सेफ मिया समेत जना ८ को जाहेरीले नेपाल सरकार विरूद्ध शर्मिला डि.सी.

७४. २०६७ साल मुद्दा नं. ३८/१५३, नि.नं. ४२, खलिल उद्दीन समेत जना २ को जाहेरीले नेपाल सरकार विरूद्ध रोहित गुरूङ्

७५. २०६७ साल मुद्दा नं. ६८/२०९, नि.नं. १०, जयप्रकाश महतोको जाहेरीले नेपाल सरकार विरूद्ध कारी कापर

७६. २०६७ साल मुद्दा नं. २५/५३, नि.नं. ७७, कल्पना थलङको जाहेरीले नेपाल सरकार विरूद्ध कर्णहाङ्ग लिम्बु (कर्ण बहादुर लङ्गवा)

७७. २०६७ साल मुद्दा नं. ६९/२१५, नि.नं. ९, भक्तशेर लिम्बुको जाहेरीले नेपाल सरकार विरूद्ध दलबहादुर लामा

७८. २०६७ साल मुद्दा नं. ६६/२०२, नि.नं. १, चन्द्रलाल श्रेष्ठ समेत जना ३ को जाहेरीले नेपाल सरकार विरूद्ध सूर्य कुमार श्रेष्ठ

७९. २०६७ साल मुद्दा नं. ५७/१७९, नि.नं. ११, भीमबहादुर रोकाको जाहेरीले नेपाल सरकार विरूद्ध मनोज पुन

८०. २०६७ साल मुद्दा नं. ३९/१५४, नि.नं. ३२, देवीप्रसाद सुवेदी समेत जना ३१ को जाहेरीले नेपाल सरकार विरूद्ध झलकमान बस्नेत समेत जना ६

८१. २०६७ साल मुद्दा नं. ५३/१७४, नि.नं. ३७, मनोज घिसिङ तामाङको जाहेरीले नेपाल सरकार विरूद्ध शिला सिंह खड्का ठकुरी

८२. २०६७ साल मुद्दा नं. १५३/२२८, नि.नं. ७२, श्याम श्रेष्ठको जाहेरीले नेपाल सरकार विरूद्ध रत्नकाजी बज्राचार्य

८३. २०६७ साल मुद्दा नं. ६९/२१५, नि.नं. ९, भक्तशेर लिम्बुको जाहेरीले नेपाल सरकार विरूद्ध दलबहादुर लामा

८४. २०६७ साल मुद्दा नं. ४३/१५६, नि.नं. १३०, उत्तरम गुरूङ् समेत जना २ को जाहेरीले नेपाल सरकार विरूद्ध मानबहादुर कार्की समेत जना २

८५. २०६७ साल मुद्दा नं. ५३/१७४, नि.नं. ३७, मनोज घिसिङ तामाङ्गको जाहेरीले नेपाल सरकार विरूद्ध शिला सिंह खड्का ठकुरी

८६. २०६९ साल मुद्दा नं. ३५७, नि.नं. १५७, राजेन्द्र भट्टको जाहेरीले नेपाल सरकार वि. विनोद काप्री

८७. २०६९ साल मुद्दा नं. १५०/३०५, नि.नं. ७४, ख्याम नारायण पौडेल समेत जना ३ को जाहेरीले नेपाल सरकार वि. टेक बहादुर फगामी पुन

८८. २०६९ साल मुद्दा नं. २९७, नि.नं. ८१, कुमार राईको जाहेरीले नेपाल सरकार वि. मान बहादुर तामाङ

८९. २०६९ साल मुद्दा नं. २४५/३८०, नि.नं. ६१, कपुरी ठाकुरको जाहेरीले नेपाल सरकार वि. सुनील शाही

९०. २०६९ साल मुद्दा नं. २३८/३७३, नि.नं. ११७, मन्दीर बुढाथोकी (रायम(ाफी) को जाहेरीले नेपाल सरकार वि. धिरज खड्का

९१. २०६९ साल मुद्दा नं. ३१९, नि.नं. १५१, लक्ष्मी कार्की (खत्री) को जाहेरीले नेपाल सरकार वि. कोपिला कुँवर

९२. २०६९ साल मुद्दा नं. २०३/३३७, नि.नं. १४७, हरिबहादुर के.सी. समेत जना २ को जाहेरीले नेपाल सरकार वि. फिरोज नरोस्थानी

९३. २०६९ साल मुद्दा नं. ३००, नि.नं. १३७/२२, कौशिला जिमी समजे जना २ को जाहेरीले नेपाल सरकार वि. आङ्गजाम्बु शेर्पा

९४. २०६९ साल मुद्दा नं. २२२/३५६, नि.नं. १३३, भाग्यमान धोङ समेत जना २ को जाहेरीले नेपाल सरकार वि. भिमलाल गिरी

९५. २०६९ साल मुद्दा नं. ३०१, नि.नं. १३४, आशिष श्रेष्ठको जाहेरीले नेपाल सरकार वि. परमानन्द मेहता

९६. २०६९ साल मुद्दा नं. २३५/३६९, नि.नं. ७८, निराजन पराजुलीको जाहेरीले नेपाल सरकार वि. अवध किसोर देव

९७. २०६९ साल मुद्दा नं. २९७, नि.नं. ८१, महेन्द्र कुमार राईको जाहेरीले नेपाल सरकार वि. मान बहादुर तामाङ

९८. २०६९ साल मुद्दा नं.२१४/३४८, नि.नं.५८, टुकबहादुर भण्डारीको जाहेरीले नेपाल सरकार वि.विष्णुप्रसाद पाठक

९९. २०६९ साल मुद्दा नं. १९१/३२४, नि.नं.५३, छबिलाल लामिछाने समेत जना २ को जाहेरीले नेपाल सरकार वि. गंगा कुमारी सारू

१००. २०६९ साल मुद्दा नं. १४६/२९८, नि.नं. ७, इदा राणा दुलालको जाहेरीले नेपाल सरकार वि. सावित्री चन्द

१०१. २०६९ साल मुद्दा नं. १०८/२५१, नि.नं. ५, खेमबहादुर क्षेत्रीको जाहेरीले नेपाल सरकार वि. सुष्मा थापा समेत जना २

१०२. २०६९ साल मुद्दा नं. १९४/३२७, नि.नं. ४, अस्मित बस्नेतको जाहेरीले नेपाल सरकार वि. अमृत गुरूङ्ग

१०३. २०६६ साल मुद्दा नं. ८/३३, नि.नं. १७, राम बहादुर कार्की समेत ८ को जाहेरीले नेपाल सरकार विरूद्ध दुर्गा पाण्डे

१०४. २०६६ साल मुद्दा नं. १५/५७, नि.नं. १२८, देवसन राईको जाहेरीले नेपाल सरकार वि. ऋतु योञ्जन

१०५. २०६६ साल मुद्दा नं. १७/५९, नि.नं. १२१, सुरज निरौला वि.महम्मद खान

१०६. २०७० साल मुद्दा नं. ३८६, नि.नं. १५३, शारदा घिमिरे वि. दिनेशचन्द्र डि.सी.

१०७. २०६६ साल मुद्दा नं. ७/३२, नि.नं. १२, काठमाडौं प्रहरी वि. पिताश्वरवज खड्का

१०८. २०६६ साल मुद्दा नं. १४/५५, नि.नं. ७३, रविन्द्र पोखेल वि. रजनी जोशी

१०९. २०६९ साल मुद्दा नं. २४४/३७९, नि.नं. ६०, छत्र बहादुर प्रधान वि. सुनिल शाही

११०. २०६९ साल मुद्दा नं. २३४/३६८, नि.नं. २४, हरि प्रसाद पाण्डे वि.मोहन बास्तोला

१११. २०६८ साल मुद्दा नं. १६६/२४२, नि.नं. ९५, विमला गुरूङ वि. गोपी ढुंगाना

११२. २०६७ साल मुद्दा नं. ७१/१४३, नि.नं. १२२, बाबुराम लिम्बु वि. भुपाल थाक्खा

११३. २०६७ साल मुद्दा नं. ६६/१३३, नि.नं. ७८, रामु चौधरी वि. पहलमान बोहरा

११४. २०६८ साल मुद्दा नं. २५९, नि.नं. ९२, धन प्रसाद धिमाल वि. लक्ष्मण सापकोटा

११५. २०६७ साल मुद्दा नं. २९/११७, नि.नं. ८, जाविर खान वि. जिब्रील मियाँ

११६. २०६८ साल मुद्दा नं. २१२, नि.नं. १०२, विष्णुमाया तामाङ वि. बुनु तामाङ

११७. २०६९ साल मुद्दा नं. २४१/३७६, नि.नं. १४५, प्रकाश थापा मगर वि. झपेन्द्र प्रसाद चौधरी

११८. २०६८ साल मुद्दा नं. ३०७, नि.नं. ८२, योगेन्द्रबहादुर थापा वि. सुरज कुमार लामा

११९. २०६६ साल मुद्दा नं. १७३/३०५, नि.नं. ५, कुशल बहादुरकी पत्नी शारदा अर्याल समेत १३ जनाको जाहेरीले नेपाल सरकार वि. जोसफ ब्राह्मण निरौला

# सन्दर्भ सामग्री

१. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

२. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण), नियमावली, २०६५

३. मानव बेचबिखनको तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८

४. मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागिराष्ट्रिय न्यूनतम मापदण्ड, २०६८ तथा पुर्नस्थापना केन्द्र संचालन निर्देशिका, २०६८

५. वैदेशिक रोजगार ऐन, २०६४

६. वैदेशिक रोजगार नियमावली, २०६४

७. स्वदेशमा प्रवासी कामदारको न्यायमा पहुँच : नेपाल, सारा पाओलेट्टी, एलेनोर टेलर-निकल्सन, बन्दिता सिजापती, बस्सिना फार्बेनब्लम (सेन्टर फर द स्टडी अफ लेबर एन्ड मोबिलिटी र ओपनस सोसाइटी फाउन्डेसन

८. सुरक्षित वैदेशिक रोजगारका लागि स्थानीय र सामाजिक परिचालन पुस्तिका, श्रम तथा यातायात/स्थानीय विकास मन्त्रालय

९. Human Trafficking and Transporation (Control) Act, 2007: Its Implementation, 2014, FWLD

१०. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी संयन्त्र तथा यसको प्रभावकारी कार्यानवयन, प्रशिक्षण पुस्तिका, महिला, कानुन र विकास मञ्च (FWLD), यूएनडिपि रिच

११. Trafficking in Persons especially on women and children in Nepal, National Report, 2012-13, National Human Rights Commission, Office of the Special Rapporteur on Traficking in Women and Children

१२. वैदेशिक रोजगारसम्बन्धी कसुरमा कानुनी उपचार दिग्दर्शन, २०७०, नेपाल सरकार, Safer Migration Project, मानव अधिकारका लागि जनमञ्च

१३. Labour Migration for Employment: A Status Report for Nepal: 2013/2014; Government of Nepal, Ministry of Labour and Employment

पाइने स्थान:

**महिला, कानुन र विकास मञ्च (FWLD)**

७२, आदर्श मार्ग, थापाथली

पो.ब.नं. २६५३८, काठमाडौ. नेपाल

फोन नं.: ९७७-१-४२३३५२४/४२३३५२५

फ्याक्स: ९७७-१-४२४०६२७

इमेल: fwld@fwld.wlink.com.np

Website: www.fwld.org